निक्षेप तथा कर्जा सुरक्षण कोष

तेस्रो रणनीतिक योजना

(२०८०/८१ - २०८४/८५)

ऋण र धन, दुबैको सुरक्षण

निक्षेप तथा कर्जा सुरक्षण कोष

Deposit & Credit Guarantee Fund

(नेपाल सरकारको पूर्ण स्वामित्वमा स्थापित)

तेस्रो रणनीतिक योजना

(आर्थिक वर्ष २०८०/८१ - २०८४/८५)

निक्षेप तथा कर्जा सुरक्षण कोष

केन्द्रीय कार्यालय, काठमाडौं

२०८०

विषय-सूची

परिच्छेद - १ : रणनीतिक योजनाको परिचय

१.१	पृष्ठभूमि	१
१.२	कोषमा रणनीतिक योजना	३
१.३	दोस्रो पञ्चवार्षिक रणनीतिक योजनाको समीक्षा	३
१.३.१	निक्षेप सुरक्षणको कानूनी संरचना तथा सीमा	४
१.३.२.	कर्जा सुरक्षणको दायरा र सीमा	४
१.३.३	संगठन संरचना तथा दरबन्दी	४
१.३.४.	कानूनी सुधार	५
१.३.५.	पशुधन सुरक्षण कार्यक्रम	५
१.३.६.	सूचना प्रविधि	५
१.३.७.	जनशक्ति व्यवस्थापन	५
१.३.८.	भौतिक पूर्वाधार	५
१.३.९.	अन्य	६
१.४	रणनीतिक योजना प्रक्रिया	७
१.५	निक्षेप तथा कर्जा सुरक्षण कोषमा रणनीतिक योजनाको आवश्यकता र उपादेयता	७
१.६	रणनीतिक योजनाका मार्गदर्शक बुँदाहरू	८

परिच्छेद - २ : रणनीतिक योजना तर्जुमा विधि

२.१	रणनीतिक योजनाको ढाँचा	९
२.२	कोषको सबल पक्ष, कमी कमजोरी, अवसर र सीमा (SWOL) को विश्लेषण	९
२.३	रणनीतिक उद्देश्यहरू	१०

परिच्छेद - ३ : रणनीतिक योजनाका मूलभूत पक्षहरू

३.१	भूमिका (Background)	१०
३.२	दूरदृष्टि (Vision)	१०
३.३	लक्ष्य (Mission)	११
३.४	उद्देश्य (Objectives)	११
३.५	मूलभूत मान्यताहरू (Core values)	११

परिच्छेद - ४ : रणनीतिक योजनाका आधार स्तम्भहरू

४.१	पहिलो स्तम्भ : संस्थागत विकास, क्षमता अभिवृद्धि र सुशासन	१४
४.२	दोस्रो स्तम्भ : व्यवसाय विस्तार	१५
४.३	तेस्रो स्तम्भ : वित्तीय स्रोत व्यवस्थापन	१६
४.४	चौथो स्तम्भ : आन्तरिक नियन्त्रण र जोखिम व्यवस्थापन	१७
४.५	पाँचौं स्तम्भ : राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँगको सम्बन्ध र सहकार्य	१८

परिच्छेद - ५ : रणनीतिक योजनाको कार्यान्वयन

५.१	रणनीतिक कार्ययोजना (Strategic action plan)	१९

परिच्छेद - ६ : रणनीतिक योजनाको वित्तीय पक्ष

६.१	सम्पत्ति तथा दायित्वको विवरण	२०
६.२	खर्चको अवस्था	२४
६.३	आगामी पाँच वर्षको खर्च प्रक्षेपण	२५

परिच्छेद - ७ : रणनीतिक योजना कार्यान्वयन एवं अनुगमनको व्यवस्था

७.१	परिचय	२७
७.२	रणनीतिक योजना अनुगमन तथा मूल्याङ्कन प्रणाली	२७
७.३	वार्षिक कार्य योजना बनाई लागू गर्ने	२७
७.४	प्रतिवेदन प्रणाली (Reporting system)	२७
७.५	अनुगमन, मूल्याङ्कन र मध्यावधि समीक्षा	२७
७.६	रणनीतिक योजनाको समग्र मूल्याङ्कन	२८

परिच्छेद - १ : रणनीतिक योजनाको परिचय

१.१ पृष्ठभूमि

परम्परागत वस्तु विनिमय प्रणालीबाट शुरु भएको आर्थिक क्रियाकलाप बैंकिङ्ग प्रणालीको विकासपश्चात् व्यापक हुँदै गएको हो । बैंकिङ्ग प्रणालीको विकाससँगै आम जनतासँग भएको पूँजी एकीकृत गरी व्यावसायिक तथा औद्योगिक क्षेत्रमा लगानी गर्ने प्रचलनको थालनी भयो । बैंकहरूले आफ्नो स्रोत तथा आम जनताबाट संकलित रकम उद्योग व्यवसायमा लगानी गर्ने वा बैंकबाट कर्जा परिचालन भई विभिन्न व्यवसायबाट उत्पादित वस्तु तथा सेवाको बेचबिखन हुन थाल्यो । जसको परिणाम स्वरूप अर्थतन्त्रको गुणात्मक वृद्धि हुँदै गयो। प्रतिस्पर्धात्मक अर्थतन्त्रमा सफलता र असफलता दुवै प्राप्त हुने हुँदा राम्रोसँग व्यवसाय चलाउन नसक्नेहरूले बैंक कर्जा नतिर्ने र त्यस अवस्थामा बैंकहरूले पनि असल ऋणीहरूको छनौट गरी कर्जा प्रवाह गर्न थाले । अर्थतन्त्रमा आएको अत्यधिक प्रतिस्पर्धाले गर्दा बैंकहरूले प्रवाह गरेको कर्जा जोखिममा पर्ने र थप लगानी गर्न पूँजीको अभाव हुन गई देशमा आर्थिक संकट आउन सक्ने जोखिमलाई ध्यानमा राखी त्यसको उचित व्यवस्थापन गर्न कर्जा सुरक्षण गर्ने कार्यको थालनी भयो। यसका साथै गरीब, निमुखा तथा पिछडिएको क्षेत्रका जनताको बैंकिङ्ग पहुँच वृद्धि गर्न त्यस्ता क्षेत्रमा कर्जा लगानीलाई प्रोत्साहित गर्ने उद्देश्यले समेत कर्जा सुरक्षणको अवधारणा विकास भएको देखिन्छ ।

हाम्रो अर्थतन्त्रमा स्रोत र साधन प्राप्ति र परिचालनमा गरीब, निमुखा, पिछडिएको क्षेत्र र विपन्न वर्गका जनताको पहुँच पुग्न नसकेको वास्तविकतालाई ध्यानमा राखी वि.सं.२०३० मा सो समस्या समाधानका लागि सरकारले विभिन्न कदम अगाडि बढाएको थियो । गरीब, निमुखा तथा पिछडिएको क्षेत्रमा कुल कर्जा लगानीको निश्चित प्रतिशत अनिवार्य रुपमा लगानी गर्नुपर्ने बाध्यकारी व्यवस्था लागू गरेसँगै त्यस्ता कर्जाको जोखिम न्यूनीकरण गर्ने उपाय समेत सोचियो । त्यसैको फलस्वरुप वि.सं.२०३१ असोजमा नेपाल राष्ट्र बैंक, राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंक लि.को सक्रियतामा कर्जा सुरक्षण निगम (प्रा.) लि. स्थापना भएको देखिन्छ । पछि वि.सं.२०४२ मा नेपाल सरकार समेत संस्थामा पूँजी लगानी गरी यसमा सहभागी भएको हो ।

आजको विश्वमा उद्यमशीलतासँग सम्बद्ध परियोजनाको सम्भाव्यताको आधारमा विना धितो पनि बैंक तथा वित्तीय संस्थाले कर्जा लगानी गर्न थालिसकेका छन् । कर्जा सुरक्षण सम्बन्धी व्यवस्थाले त्यस्ता कर्जा लगानीका लागि बैंक तथा वित्तीय संस्थालाई प्रोत्साहित गरी न्यून पूँजी भएका वर्गमा कर्जाको सहज पहुँच स्थापित गर्नमा ठूलो सघाउ पुगेको छ । विकसित तथा विकासोन्मुख मुलुकहरूमा पनि कर्जा सुरक्षणको व्यवस्थाबाट साना तथा मझौला उद्यमहरूले ठूलो प्रगति गरिसकेका छन् । नेपालमा साना तथा मझौला उद्यम कर्जा (SME) र लघु वित्त (Micro finance) कर्जाको छुट्टै अवधारणा रहेको छ भने कतिपय मुलुकमा लघु वित्त तथा साना तथा मझौला कर्जालाई एकीकृत गरी Micro Finance for Small and Medium Entreprenuers (MSME) कार्यक्रम लागू गरिएको पाइन्छ । यस क्षेत्रलाई उद्यमशीलताको विकास तथा रोजगारी सृजना, आयात प्रतिस्थापन, विदेशी मुद्रा आर्जन लगायत देशको आर्थिक विकासका अवयवहरूको मेरुदण्डको रुपमा लिने गरिन्छ ।

पछिल्लो समयमा सूचना प्रविधिमा भएको तीव्र विकासले उद्यमशीलता र रोजगारीका नयाँ अवसर सृजना भएका छन् । दिगो आर्थिक विकास सम्बन्धी अवधारणाले पनि वातावरण, समाज र सुशासनलाई जोड दिएको कारण जलवायु परिवर्तन, वातावरण संरक्षण, प्रकोप व्यवस्थापन, वैकल्पिक तथा नवीकरणीय उर्जा, लैङ्गिक लगानी जस्ता कर्जा लगानीका नयाँ प्राथमिकता पहिचान भएका छन् । यस सन्दर्भमा हाम्रो देशको समग्र आर्थिक विकासको लागि बैंकिङ्ग प्रणाली मार्फत प्रभावकारी रुपमा पूँजी परिचालन गर्न कर्जा सुरक्षण कार्यक्रमलाई थप परिष्कृत र परिमार्जित रुपमा सञ्चालन गर्नुपर्ने टड्कारो आवश्यकता रहेको छ ।

आर्थिक संकटको समयमा बैंक तथा वित्तीय संस्थाहरूले निक्षेपकर्ताहरूको रकम फिर्ता गर्न नसक्ने स्थिति सृजना भएको अवस्थामा निक्षेपकर्ताहरूको तोकिएको हदसम्मको रकम फिर्ता गर्ने प्रणाली निक्षेप सुरक्षण वा निक्षेप बीमा हो । सन् १९३० को आर्थिक मन्दी (great depression) को समयमा संयुक्त राज्य अमेरिकाका धेरै बैंकहरू टाट पल्टन पुगे पश्चात् लाखौं मानिसहरूको बैंकमा रहेको बचत रकम बैंकले फिर्ता गर्न नसकेपछि ठूलो आर्थिक समस्या झेल्नु परेको थियो । यस्तै संकट पुनः आएमा समस्यालाई सहज रुपमा समाधान गर्ने उद्देश्यले संयुक्त राज्य अमेरिकामा सन् १९३३ मा निक्षेप बीमा गर्ने प्रथम संस्थाको रुपमा Federal Deposit Insurance Corporation (FDIC) को स्थापना भएको थियो । वित्तीय क्षेत्रप्रति आम जनसाधारण र सरोकारवाला पक्षहरूको दीर्घकालिक विश्वास कायम राख्ने उद्देश्यले विश्वव्यापी रुपमा यस्ता संस्थाहरूको स्थापना गर्ने गरिन्छ । वित्तीय क्षेत्र स्थायित्वका लागि खोलिने यस प्रकारका संस्थाहरू विधायिकी प्रावधानबाट स्वायत्त संस्थाको रुपमा संस्थापित तथा सञ्चालित हुने गर्दछन् भने कतिपय देशहरूमा केन्द्रीय बैंकले समेत सञ्चालन गर्ने गरेको पाइन्छ । कतिपय देशमा वित्तीय क्षेत्रप्रति जनताको विश्वास अविछिन्न कायम राख्न राष्ट्रिय तहमा सुरक्षण कोष खडा गरी वार्षिक रुपमा संसद्बाटै बजेट विनियोजन समेत गर्ने गरिएको हुन्छ । यस प्रकारको कोषलाई आर्थिक संकट परेका वेला उपयोग गरिने भएकोले राष्ट्रिय ढुकुटी (national treasury) को रुपमा समेत हेर्ने गरिन्छ ।

वि.सं.२०७३ आश्विन १८ गते निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ लागू भए सँगै तात्कालिक निक्षेप तथा कर्जा सुरक्षण निगम हालको निक्षेप तथा कर्जा सुरक्षण कोषमा परिणत भएको हो । स्थापनाकालदेखि हालसम्म कोषले बैंक तथा वित्तीय संस्थाहरूले विभिन्न क्षेत्रमा प्रवाह गर्ने कर्जाको सुरक्षण गर्दै आएको छ । वि.सं. २०६७ देखि निक्षेपको समेत सुरक्षण गर्दै आएको छ ।

प्रतिस्पर्धात्मक बजारको सिद्धान्त अनुरुप सरकारको भूमिका क्रमशः नियामक र सहयोगी निकायको रुपमा परिवर्तन भएको छ । देश विकासको लागि हरेक क्षेत्रमा पर्याप्त भौतिक पूर्वाधार निर्माण गरी निजी क्षेत्रलाई आकर्षित गर्ने कार्य सरकारको नै हो । वित्तीय क्षेत्रप्रति आम नागरिक तथा सरोकारवाला पक्षहरूको लागि दीगो विश्वासको वातावरण निर्माण गर्ने मुख्य जिम्मेवारी समेत सरकारको नै हो । देशका कुनाकाप्चामा रहेका सर्वसाधारण जनतालाई बचत गर्ने बानी बसाली राष्ट्रिय पूँजी निर्माण मार्फत आर्थिक विकास गर्ने लक्ष्यलाई पुरा गर्न विश्वका अन्य मुलुकमा जस्तै नेपालमा समेत सर्वसाधारण निक्षेपकर्ताको निक्षेपको पूर्ण प्रत्याभूति दिनु आवश्यक छ । नेपालको इतिहासमा वि.सं. २०६६ मा नेपाल विकास बैंक टाट पल्टन पुगी खारेजीमा गएको घटनाले यस क्षेत्रमा जोखिमको वातावरण सदैव रहिरहन्छ भन्ने कुरालाई प्रमाणित गरिदिएको छ । यस्तो अवस्थाको सिर्जना भइरहने र सर्वसाधारण निक्षेपकर्ताको निक्षेपको सुरक्षाको कुनै प्रत्याभूति नहुने हो भने समग्र वित्तीय प्रणालीप्रति

नै विश्वास हराएर जान्छ । निक्षेपकर्ताको निक्षेप सुरक्षाको प्रत्याभूति दिनका लागि नेपाल सरकारले आर्थिक वर्ष २०६६/६७ को बजेट वक्तव्य मार्फत रु. दुई लाखसम्मको निक्षेप सुरक्षण गर्ने नीति घोषणा गरेको थियो । तत्पश्चात् नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०६७/६८ को मौद्रिक नीतिमा निक्षेप सुरक्षण व्यवस्था कार्यान्वयन गर्ने उल्लेख गरेपछि यसलाई मूर्तरुप दिन निक्षेप तथा कर्जा सुरक्षण कोषले निक्षेप सुरक्षण विनियमावली, २०६७ लागू गरी निक्षेप सुरक्षण कार्य प्रारम्भ भएको थियो ।

यसै परिप्रेक्ष्यमा कुनै पनि संस्थाको लागि संस्थागत उद्देश्य पूर्तिका लागि दूरदृष्टि, दीर्घकालिक लक्ष्य र मूल्य मान्यता सहितको रणनीतिक योजनाको आवश्यकता हुन्छ। कोषको पनि विद्यमान व्यवसायको आकार, चुनौती तथा जोखिम आत्मसात् गरी वार्षिक रुपमा सम्पादन गर्नुपर्ने गरी निर्दिष्ट गरिएका कार्यलाई दीर्घकालिक रणनीतिक योजनासँग आबद्ध गराई अघि बढ्नुपर्ने आवश्यकता देखिएको छ । निक्षेप तथा कर्जा सुरक्षण सम्बन्धमा निर्धारित लक्ष्य, नेपाल सरकारले वित्तीय स्थायित्वका लागि तय गरेका नीति र बैंक तथा वित्तीय संस्थाहरूको नियामक निकायका रणनीतिक योजना प्राप्ति सम्बन्धी विषय समेतलाई ध्यानमा राखी आर्थिक वर्ष २०८०/८१ देखि आर्थिक वर्ष २०८४/८५ सम्मका लागि पञ्चवार्षिक रणनीति योजना तयार गरिएको छ ।

१.२ कोषमा रणनीतिक योजना

आर्थिक वर्ष २०६६/६७ को बजेट वक्तव्य तथा आर्थिक वर्ष २०६७/६८ को मौद्रिक नीतिले परिकल्पना गरे अनुरुप निक्षेप सुरक्षण विनियमावली, २०६७ निर्माण गरी तात्कालिक निक्षेप तथा कर्जा सुरक्षण निगमले निक्षेप सुरक्षण कार्यक्रम शुरुवात गरेको हो । निक्षेप सुरक्षण कार्यलाई रणनीतिक तवरले सफलतापूर्वक सञ्चालनको लागि वि.सं. २०६७ मा पहिलो पटक पञ्चवार्षिक रणनीतिक योजना तर्जुमा गरी लागू गरिएको थियो। वि.सं. २०७३ साल आश्विन १८ गतेबाट निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ लागू भएसँगै कम्पनी ऐन अन्तर्गत सञ्चालित तात्कालिक निक्षेप तथा कर्जा सुरक्षण निगम छुट्टै विशेष ऐन मार्फत सञ्चालनमा आएपश्चात् कोषलाई दीर्घकालिक योजनाका साथ अगाडि बढाउन कोषको संरचना, उद्देश्य र कार्य प्रकृतिमा व्यापक फेरबदल गरिएको सन्दर्भमा सो परिवर्तनले अपेक्षा गरेका विषयको प्राप्तिका लागि दोस्रो पञ्चवार्षिक रणनीतिक योजना २०७४/७५-२०७८/७९ तर्जुमा गरी कार्यान्वयन गरिएको थियो । उक्त रणनीतिक योजनाको अवधि समाप्त भएकोले तेस्रो पञ्चवार्षिक रणनीतिक योजना तर्जुमा गरिएको छ ।

कोषको पहिलो पञ्चवार्षिक योजना
वि.सं. २०६७
कोषको दोस्रो पञ्चवार्षिक योजना
वि.सं. २०७४/७५-२०७८/७९

१.३ दोस्रो पञ्चवार्षिक रणनीतिक योजनाको समीक्षा

नयाँ रणनीतिक योजना तयार गर्दा अघिल्लो रणनीतिक योजनामा निर्दिष्ट लक्ष्य हासिल भए नभएको समीक्षा गर्न जरुरी छ। हुन नसकेका कार्यहरूमध्ये हालको अवस्थामा त्यस्ता विषयको सान्दर्भिकता, आवश्यकता र औचित्यको आधारमा नयाँ योजनामा समावेश गर्नुपर्ने हुन्छ। गत रणनीतिक योजनाको समीक्षा तल लेखिएअनुसार रहेको छ ।

१.३.१ निक्षेप सुरक्षणको कानूनी संरचना तथा सीमा

अघिल्लो रणनीतिक योजनाको प्रमुख उद्देश्य निक्षेप सुरक्षण सम्बन्धी कानूनी संरचना तयार गर्ने र सीमा वृद्धि गर्ने रहेकोमा निक्षेप सुरक्षण नियमावली, २०७५ तर्जुमा गरी लागू भएको छ । वि.सं. २०७५ असार २० गतेको नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार वि.सं. २०७५ श्रावण १ गतेबाट लागू हुने गरी निक्षेप सुरक्षणको सीमा प्रति व्यक्ति रु. २ लाखबाट वृद्धि गरी रु. ३ लाख कायम गरिएकोमा वि.सं. २०७९ श्रावण १ गतेबाट रु. ३ लाखको सीमा वृद्धि भई रु. ५ लाख कायम भएको छ । त्यस्तै गरी निक्षेप सुरक्षणको सीमामा वृद्धि गरिएसँगै सुरक्षण दस्तुर समेत पुनरवलोकन गरी साबिकको ०.२० प्रतिशतलाई कम गरी वि.सं. २०७५ श्रावण १ गतेदेखि ०.१६ प्रतिशत कायम गरिएको छ ।

१.३.२. कर्जा सुरक्षणको दायरा र सीमा

कर्जा सुरक्षण सम्बन्धी कानूनी व्यवस्थाको लागि कर्जा सुरक्षण नियमावली, २०७५ लागू भएको छ । कर्जा सुरक्षणको दायरा विस्तारको लागि शैक्षिक तथा शैक्षिक बेरोजगार व्यवसाय कर्जा कार्यक्रम र निर्यात कर्जा सुरक्षण गरी दुईवटा नयाँ कार्यक्रम लागू गरिएका छन् । कर्जा सुरक्षण कार्यक्रम अन्तर्गत अघिल्लो रणनीतिक योजनाको शुरुको वर्षको तुलनामा अन्तिम वर्षमा कर्जा सुरक्षण भएको रकम तथा आबद्ध बैंक वित्तीय संस्थाको संख्यामा उल्लेखनीय प्रगति भएको छ। आर्थिक वर्ष २०७३।७४ मा कर्जा सुरक्षण कार्यक्रम अन्तर्गत २० वटा बैंक तथा वित्तीय संस्था कोषमा आबद्ध रहेकोमा हाल ६१ वटा बैंक तथा वित्तीय संस्थाहरू आबद्ध रहेका छन् । त्यसै गरी आर्थिक वर्ष २०७३।७४ मा ६ अर्ब ८७ करोड बराबरको कर्जा सुरक्षण भएकोमा आर्थिक वर्ष २०७८।७९ मा २ खर्ब ६५ अर्बको कर्जा सुरक्षण भएको छ ।

कर्जा सुरक्षणको सीमा वृद्धि गर्ने सन्दर्भमा २०७७।०६।०८ को मन्त्रिपरिषद्को निर्णयानुसार कर्जा सुरक्षण नियमावली, २०७५ मा संशोधन भई साना तथा मझौला उद्यम कर्जा सुरक्षण कार्यक्रम र कृषि कर्जा सुरक्षण कार्यक्रम अन्तर्गत सुरक्षण हुने कर्जाको अधिकतम सीमा रु. २ करोडबाट वृद्धि गरी रु. ३ करोड पुऱ्याइएको छ । त्यसै गरी लघु वित्त तथा विपन्न वर्ग क्षेत्र कर्जा सुरक्षण कार्यक्रम अन्तर्गत सुरक्षण हुने विना धितो कर्जाको अधिकतम सीमा रु. ७ लाखबाट वृद्धि गरी रु. १० लाख कायम गरिएको छ ।

नेपाल सरकारले लागू गरेको सहुलियतपूर्ण कर्जाको समेत कोषले सुरक्षण गर्दै आएको छ । जस अन्तर्गत आर्थिक वर्ष २०७८।७९ को असार मासान्तसम्ममा सो क्षेत्रमा रु. ६६ अर्बको कर्जा सुरक्षण भएको छ ।

१.३.३ संगठन संरचना तथा दरबन्दी

देशको संघीय संरचना अनुसार प्रत्येक प्रदेशमा एक/एक वटा शाखा कार्यालय विस्तार गर्ने उद्देश्य अनुरूप सबै प्रदेशमा कोषका शाखा कार्यालयहरू स्थापना गरिएका छन् । संगठन तथा व्यवस्थापन सर्भेक्षण (O&M survey) को कार्य सम्पन्न गरी सोही प्रतिवेदनको आधारमा कोषको संगठन संरचना पुनरवलोकन गरिएको छ । कोषको सूचना प्रविधि क्षेत्रमा गर्नुपर्ने सुधारको खाँचोलाई दृष्टिगत गरी सूचना तथा तथ्याङ्क शाखालाई स्तरोन्नति गरी सूचना तथा तथ्याङ्क विभाग बनाइएको छ भने योजना

तथा अनुसन्धान विभाग थप गरिएको छ । त्यसै गरी कर्मचारी दरबन्दी संख्या ६२ बाट वृद्धि गरी ८२ कायम गरिएको छ ।

१.३.४. कानूनी सुधार

यस अवधिमा निक्षेप सुरक्षण नियमावली, २०७५ र कर्जा सुरक्षण नियमावली, २०७५ गरी २ वटा नियमावली तर्जुमा भई कार्यान्वयनमा आएका छन् । त्यसै गरी कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावली, २०७४, खरिद तथा आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०७३, लगानी विनियमावली, २०७४, जोखिम व्यवस्थापन निर्देशिका, २०७६, व्यवसाय प्रवर्द्धन कार्यविधि, २०७६ र भवन बहालमा लगाउने सम्बन्धी कार्यविधि, २०७८ कार्यान्वयनमा आएका छन् । नियमावली, तथा विनियमावलीहरूमा आवश्यकता अनुसार संशोधन तथा परिमार्जन समेत गरिएको छ ।

१.३.५. पशुधन सुरक्षण कार्यक्रम

अघिल्लो रणनीतिक योजनामा कोषको व्यवसायको क्षेत्र तथा दायरा विस्तार गर्ने उल्लेख रहेकोमा पशुधन सुरक्षण कार्यक्रममा भने आशातीत सफलता प्राप्त हुन सकेन । निजी क्षेत्रका बीमा कम्पनीहरूले समेत पशुधन बीमा कार्यक्रम सञ्चालनलाई तीव्रता दिएको, कर्जा सुरक्षण नियमावलीलाई समयमै संशोधन गरी सुरक्षण दस्तुरलाई निजी क्षेत्र सरह कायम गर्न लामो समय लागेको, सुरक्षणसँग सम्बद्ध प्रक्रिया बजारको माग तथा प्रविधिमैत्री नभएको जस्ता विविध कारणबाट पशुधन सुरक्षण कार्यक्रममा उल्लेख्य प्रगति हासिल हुन नसकेको देखिन्छ ।

१.३.६. सूचना प्रविधि

अघिल्लो रणनीतिक योजनाको मुख्य उद्देश्य कोषको business process लाई आधुनिक सफ्टवेयर मार्फत अगाडि बढाउने रहेकोमा सफ्टवेयर निर्माण कार्य भएतापनि पछिल्ला वर्षहरूमा सूचना प्रविधिको क्षेत्रमा भएको विकाससँगै बैंक तथा वित्तीय संस्थाहरूले प्रयोग गरी आएका कोर बैंकिङ्ग सिस्टमसँग पूर्ण सामञ्जस्य (synchronize) नहुँदा र कोषको व्यवसायको आकारमा भएको तीव्र वृद्धिका कारण नयाँ निर्माण गरिएको सफ्टवेयर अपेक्षित रूपमा प्रभावकारी हुन सकेको छैन ।

१.३.७. जनशक्ति व्यवस्थापन

अघिल्लो रणनीतिक योजनामा जनशक्ति व्यवस्थापन नीति तर्जुमा गर्ने, कर्मचारीहरूलाई उपयुक्त तालिम, प्रशिक्षण तथा क्षमता विकास कार्यक्रमहरू सञ्चालन गर्ने उद्देश्य रहेको थियो । यस सन्दर्भमा जनशक्ति व्यवस्थापनका लागि छुट्टै विशेष नीति तर्जुमा हुन सकेन । साथै, विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ जस्ता कारणले कर्मचारीहरूको लागि उल्लेखनीय मात्रामा तालिम कार्यक्रम सञ्चालन हुन नसकेको देखिन्छ ।

१.३.८. भौतिक पूर्वाधार

कोषको लागि आधुनिक भौतिक पूर्वाधार निर्माण गर्ने सम्बन्धमा सातवटै प्रदेशका शाखा कार्यालयहरूको लागि जग्गा खरिद एवम् भवन निर्माण कार्य सम्पन्न भई सबै शाखा कार्यालयहरू आफ्नै भवनबाट सञ्चालनमा आइसकेका छन् । त्यसैगरी, केन्द्रीय कार्यालयको पुरानो र जीर्ण भवनको स्थानमा नयाँ आधुनिक भवन निर्माण गरी सोही भवनबाट कार्यालय सञ्चालनमा आइसकेको छ ।

१.३.९. अन्य

कर्जा सुरक्षण र निक्षेप सुरक्षण कार्यक्रमको बेग्लाबेग्लै हिसाब राख्नुपर्ने आवश्यकतालाई ध्यानमा राखी दुवै कार्यक्रमको आय व्यय हिसाबलाई वित्तीय विवरणमा अलग अलग प्रस्तुत गर्ने गरिएको छ । पूर्ण सूचना प्रविधिमैत्री Enterprise Resource Planning(ERP) को अभावमा अलग अलग वित्तीय विवरण तयार गर्न सकिएको छैन । कोषको चुक्ता पूँजी रु. २ अर्बलाई वृद्धि गरी रु. १० अर्ब पुर्‍याइएको छ । कोषले अन्तर्राष्ट्रिय निक्षेप सुरक्षण संगठन International Association of Deposit Insurers(IADI) को सदस्यता लिने लक्ष्य रहेकोमा सो भने हुन सकेको छैन । कोषको व्यवसाय विस्तारसँगै बढ्दै गएका विभिन्न जोखिम पहिचान, विश्लेषण र न्यूनीकरणका लागि जोखिम व्यवस्थापन निर्देशिका तयार भए पनि उपयुक्त संरचनाको अभावमा जोखिम न्यूनीकरणका उल्लेखनीय कार्य हुन सकेका छैन् । Business Continuity Plan तयार गरी लागू गर्ने लक्ष्य रहेकोमा सो हुन सकेको छैन ।

माथि उल्लेख गरिए अनुसार अघिल्लो रणनीतिक योजनाको समीक्षाको आधारमा उक्त योजनामा उल्लेख भएका मध्ये हासिल हुन नसकेका तल लेखिएअनुसारका कार्यलाई आवश्यकता र औचित्यको आधारमा यस योजनामा समेत समावेश गर्नुपर्ने देखिन्छ ।

क. कर्जा सुरक्षण तर्फको दायरा र सीमा विस्तार

मौजुदा बजारको माग, अन्तर्राष्ट्रिय असल अभ्यास र कोषको जोखिम वहन गर्न सक्ने क्षमताको अध्ययन विश्लेषण गरी सोही आधारमा नयाँ नयाँ कर्जा सुरक्षण कार्यक्रम विकास गरी सञ्चालन गर्नुपर्ने आवश्यकता बढ्दै गएको छ । यो कार्य एक पटक गर्ने भन्दा पनि निश्चित समयको अन्तरालमा बैंक तथा वित्तीय क्षेत्रको माग, नेपाल सरकारको योजना र नेपाल राष्ट्र बैंकको वित्तीय पहुँच एवं समावेशिता सम्बन्धी नीति अनुसार निरन्तर गरिरहने कार्य भएको हुनाले यस योजनामा पनि निरन्तरता दिन जरुरी देखिन्छ ।

ख. कोषको Business Process लाई आधुनिक सफ्टवेयर मार्फत अगाडि बढाउने

कोषको कामकारबाहीलाई पूर्ण रूपमा Digitized गर्ने सन्दर्भमा स्वचालित कार्यालय प्रणाली (Office Automation System) लागू गर्न आवश्यक सफ्टवेयरको व्यवस्था गर्ने प्रयास विभिन्न प्राविधिक तथा अन्य कारणले गर्दा पूर्ण रूपमा सफल हुन सकेको छैन । यस योजनामा पनि यस कार्यलाई विशेष प्राथमिकताका साथ अगाडि बढाउन आवश्यक रहेको छ । यसका साथै कोषको Disaster Recovery Site (DRS) को उपयुक्त स्थानमा व्यवस्थापन गर्न जरुरी देखिन्छ ।

ग. कोषको जनशक्तिको क्षमता विकास गर्ने

यो कार्य पनि निरन्तर गरिरहने कार्य भएको हुँदा यस योजनामा पनि प्राथमिकताका साथ समावेश गर्नुपर्ने देखिन्छ ।

घ. कोषको अभिलेख व्यवस्थित गर्ने

महत्वपूर्ण टिप्पणी, परिपत्र वा नीतिगत कागजातहरू Digitized गरी राख्ने कार्य आंशिक रूपमा मात्र भएको छ । यस योजनामा समेत यस कार्यलाई निरन्तरता दिई कोषमा कागजरहित कार्य वातावरण तयार गर्ने लक्ष्य कायम गर्नुपर्ने देखिन्छ ।

ङ. कोषले अन्तर्राष्ट्रिय निक्षेप सुरक्षण संगठन (IADI) को सदस्यता लिने व्यवस्था गर्ने

निक्षेप सुरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय असल अभ्यासको जानकारी लिन तथा कोषमा त्यसलाई लागू गर्न यस संगठनको सदस्यता महत्वपूर्ण देखिन्छ । त्यसैले यस कार्यलाई यस योजनामा समेत समावेश गर्न आवश्यक देखिन्छ ।

च. कोषको जोखिम पहिचान गरी न्यूनीकरण गर्दै जाने

जोखिम पहिचान तथा न्यूनीकरणका लागि जोखिम व्यवस्थापन निर्देशिका तयार भए पनि आवश्यक कार्य गर्न कुनै संरचना तयार भएको छैन । कोषको पूँजी, निक्षेप तथा कर्जा सुरक्षणको आकार, सीमा र दायरा विस्तारसँगै उत्पन्न हुने जोखिम व्यवस्थापन गर्न आवश्यक संरचना तयार गर्नु अत्यावश्यक रहेको सन्दर्भमा यस योजनामा पनि यस कार्यलाई निरन्तरता दिन जरुरी रहेको छ ।

छ. सर्वसाधारणमा कर्जा सुरक्षण सम्बन्धी जनचेतना बढाउने

कोषले गर्ने कामकारबाहीको प्रचार प्रसारको लागि जनचेतनामूलक कार्यक्रम संचालन गर्ने कार्य निरन्तर गरिरहनुपर्ने कार्य भएकोले यस योजनामा पनि निरन्तरता दिन आवश्यक रहेको छ ।

१.४ रणनीतिक योजना प्रक्रिया

विगतका रणनीतिक योजना कार्यान्वयन अवस्था र कोषको भविष्यपरक दृष्टिकोणलाई ध्यानमा राखी कोषको सञ्चालक समितिको मिति २०८०/०६/२९ मा सम्पन्न ९९५ औं बैठकको स्वीकृतिमा यो रणनीतिक योजना तर्जुमा गरिएको हो ।

१.५ निक्षेप तथा कर्जा सुरक्षण कोषमा रणनीतिक योजनाको आवश्यकता र उपादेयता

निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को प्रस्तावनामा उल्लिखित उद्देश्य प्राप्तिका लागि ऐनले कोषलाई प्रदान गरेका काम, कर्तव्य र अधिकार पालनाको सिलसिलामा कोषले अवलम्बन गर्नुपर्ने दीर्घकालिक योजना र सो अन्तर्गतका प्राथमिकतालाई स्पष्ट दिशा निर्देश गर्न रणनीतिक योजना चाहिन्छ। रणनीतिक योजना त्यो प्रस्थान बिन्दु हो, जसले संस्थाको यात्रालाई सदैव सुरक्षित गन्तव्यतर्फ अभिप्रेरित गर्दछ । आगामी पाँच वर्षभित्र संस्थाको गन्तव्य के हुने, कहिले पुग्ने र कसरी पुग्ने भन्ने बारेमा यो योजनाले स्पष्ट दिशा निर्देश गर्नेछ ।

पछिल्ला दिनहरूमा कोभिड १९ र रुस युक्रेन युद्धले निम्त्याएको विश्वव्यापी आर्थिक सुस्सीको असर नेपाली अर्थतन्त्रमा पनि देखा पर्न थालेको छ । त्यसै गरी बैंक/वित्तीय संस्थाहरूमा कर्जा लगानीयोग्य वित्तीय सम्पत्तिको अभाव, विगत वर्षहरूमा कर्जा लगानीमा अस्वाभाविक वृद्धि, हालैका वर्षहरूमा कर्जा लगानीमा आएको संकुचन, निजी क्षेत्रको ऋणग्रस्तता, बैंक वित्तीय संस्था विरोधी प्रदर्शनहरू जस्ता घटनाक्रम विकास भएसँगै बैंक वित्तीय संस्थाहरूको कर्जा प्रवाहको दरमा उच्च गिरावट देखा परेको छ। कोषको कर्जा सुरक्षण व्यवसाय बैंक वित्तीय संस्थाहरूको कर्जा लगानीसँग प्रत्यक्ष सम्बन्ध राख्ने भएकोले बैंक तथा वित्तीय संस्थाहरूको कर्जा वृद्धिदरमा आएको यस गिरावटले आगामी दिनमा कोषको व्यवसाय चुनौतीपूर्ण देखिएको छ। नेपाली अर्थतन्त्रमा देखा परेको सुस्तीका कारण आम सर्वसाधारणको बचतयोग्य आयमा गिरावट देखा पर्न थालेको छ । फलस्वरुप बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप वृद्धिदर समेत प्रभावित भएको छ । कोषको निक्षेप सुरक्षण व्यवसाय बैंक वित्तीय संस्थाहरूको निक्षेप परिचालनसँग प्रत्यक्ष सम्बन्ध राख्ने भएकोले बैंक तथा वित्तीय संस्थाहरूमा प्राकृतिक व्यक्तिहरूको

निक्षेप वृद्धिदरमा हुने गिरावटले आगामी दिनमा कोषको निक्षेप सुरक्षण व्यवसाय थप चुनौतीपूर्ण देखिएको छ । त्यसमा पनि कोषले निक्षेप सुरक्षण व्यवसाय शुरु गरेपश्चात् हालसम्म निक्षेपको शोधभर्नातर्फ नगण्य मात्रामा दायित्व बेहोर्दै आएको भएता पनि भावी दिनहरूमा बैंक तथा वित्तीय संस्था डुब्ने दर वृद्धि हुन गएमा कोषको शोधभर्ना दायित्व बढ्न सक्ने भएकाले सम्भावित दायित्व खाम्न सक्ने गरी सुरक्षण कोषको पर्याप्तता सुनिश्चित गर्ने विषय थप चुनौतीपूर्ण देखिएको छ ।

उत्पन्न प्रतिकूल परिवेश र चुनौतीलाई अवसरमा बदल्दै आगामी ५ वर्षको अवधिमा थप प्रगति हासिल गरी कोषको समग्र आर्थिक तथा प्रशासनिक पक्षमा उल्लेख्य सुधार गर्ने अभिप्रायले प्रस्तुत रणनीतिक योजना तर्जुमा गरिएको हो ।

१.६ रणनीतिक योजनाका मार्गदर्शक बुँदाहरू:

कोषको रणनीतिक योजनाका मार्गदर्शक सिद्धान्तहरू देहाय बमोजिम रहेका छन्:

(क) कोषको व्यवसायसँग सम्बद्ध प्रचलित ऐन, नियम, विनियम, निर्देशिका तथा कार्यविधिहरू

(ख) नेपाल सरकारको आर्थिक एवं मौद्रिक नीति

(ग) नेपाल राष्ट्र बैंकका नियामकीय प्रावधानहरू

(घ) बैंक तथा वित्तीय संस्थाहरूको सुरक्षण आवश्यकता

(ङ) समसामयिक आर्थिक परिवेश

(च) निक्षेप तथा कर्जा सुरक्षणसँग सम्बद्ध अन्तर्राष्ट्रिय असल अभ्यास

परिच्छेद - २ : रणनीतिक योजना तर्जुमा विधि

२.१ रणनीतिक योजनाको ढाँचा

यो रणनीतिक योजनाले कोषको आगामी पाँच वर्षको दीर्घकालिक रणनीति र कार्ययोजनालाई मार्गनिर्देश गर्दछ । ऐनमा उल्लिखित उद्देश्य प्राप्तिका लागि रणनीतिक आधार स्तम्भ निर्धारण गरिएको छ । सोही आधार स्तम्भको आधारमा पाँच वर्षका लागि समय सीमा सहित कार्यनीति तय गरिएको छ ।

२.२ कोषको सबल पक्ष, कमी कमजोरी, अवसर र सीमा (SWOL) को विश्लेषण

कोषले आफ्नो लक्ष्य अनुरूपका क्रियाकलाप सञ्चालन गर्दा सामना गर्नुपर्ने सम्भावित सबल एवं कमजोर पक्ष, अवसर र सीमा (Strenghts, Weaknesses, Opportunities and Limitations - SWOL) लाई देहाय बमोजिम पहिचान गरिएको छ ।

S — सबल पक्ष (Strengths)

- विशेष ऐनबाट स्थापित
- निक्षेप र कर्जा सुरक्षणको कार्य गर्ने एक मात्र निकाय
- सरोकारवालाहरूमा सरकारी स्वामित्वको कारण सिर्जित विश्वसनीयता
- प्रभावकारी सुपरीवेक्षणको दायरामा रहेका बैंक तथा वित्तीय संस्थाहरू कोषको ग्राहक हुनु
- व्यवसाय र आयमा निरन्तर वृद्धि हुँदै जानु
- अर्थशास्त्र, बैंकिङ्ग, लेखा, कानून लगायत कोष संचालनका बहुसंख्यक विधामा अनुभव प्राप्त वरिष्ठ पदाधिकारी सम्मिलित सञ्चालक समिति
- आधा शताब्दी लामो अनुभव

W — कमी कमजोरी (Weaknesses)

- न्यून पूँजी कोष
- बढ्दो कार्यबोझको अनुपातमा दक्ष एवम् सक्षम व्यावसायिक जनशक्तिको कमी
- कमजोर सूचना प्रविधि पूर्वाधार
- दक्ष जनशक्तिलाई सेवामा टिकाई राख्न नसक्नु
- पशुधन सुरक्षण कार्यक्रमको विस्तार अपेक्षाकृत हुन नसक्नु
- अन्तर्राष्ट्रिय असल अभ्यासको अनुसरणमा कमी

O — अवसर (Opportunities)

- कर्जा तथा निक्षेप सुरक्षण दुवैतर्फ व्यवसाय विस्तारको प्रचुर सम्भावना
- निक्षेप तथा कर्जाको बढ्दो आकार
- सुरक्षण कार्यक्रम प्रतिको आकर्षणमा वृद्धि
- वित्तीय साक्षरता र वित्तीय समावेशितामा वृद्धि
- नियामकीय प्राथमिकता एवं सरकारी नीति

L — सीमा (Limitations)

- नैतिक जोखिम (moral hazard)
- सूचना प्रविधि एवम् प्रणालीको बढ्दो जोखिम
- बढ्दो बैंकिङ्ग कसुर
- कमसल कर्जामा वृद्धि
- कर्जाको मागमा गिरावट
- न्यून बचतयोग्य आय
- पशुधन सुरक्षण व्यवसायमा उच्च प्रतिस्पर्धा
- जीवन बीमालेखको सुरक्षणमा कर्जा प्रवाह गर्ने प्रवृत्ति

२.३ रणनीतिक उद्देश्यहरू

कोषको दूरदृष्टि र लक्ष्य हासिल गर्न तल लेखिएअनुसारका उद्देश्य निर्धारण गरिएका छन् :

(क) उपलब्ध व्यावसायिक अवसरको उच्चतम उपयोग सुनिश्चित हुने गरी सुरक्षण कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने ।

(ख) मौजुदा सुरक्षण कार्यक्रममा परिमार्जन र नयाँ सुरक्षण कार्यक्रम लागू गर्ने ।

(ग) कोषको पूँजीगत क्षमतामा वृद्धि गर्ने ।

(घ) दक्ष एवम् सक्षम व्यावसायिक जनशक्तिको उपलब्धता सुनिश्चित गर्ने ।

(ङ) सुरक्षित र सशक्त सूचना प्रविधि तथा सञ्चार प्रणालीको विकास गर्ने ।

(च) कोष व्यवसायसँग सम्बद्ध जोखिमको पहिचान एवम् व्यवस्थापन कार्यलाई सुदृढीकरण गर्ने ।

(छ) कोषलाई प्राप्त अनुगमन तथा निरीक्षण सम्बन्धी अधिकारको उच्चतम प्रयोग गरी कोषको कारोबारलाई विश्वसनीय र यथार्थपरक बनाउने ।

(ज) नैतिक जोखिमलाई न्यूनीकरण गर्ने ।

परिच्छेद - ३ : रणनीतिक योजनाका मूलभूत पक्षहरू

३.१ भूमिका (Background)

संस्थाको दूरदृष्टि, अभियान, लक्ष्य र उद्देश्य अनुरूप कार्यक्रम तर्जुमा हुन सकेमा मात्र संस्थाको कार्य सम्पादन स्तर गुणस्तरीय एवम् परिणाममुखी हुन्छ । दीर्घकालिक कार्यक्रम निर्धारण गर्दा ध्यान दिनुपर्ने उपयुक्त विषयवस्तु, विद्यमान र भावी व्यावसायिक अवसर, चुनौती तथा जोखिम समेतलाई दृष्टिगत गरी प्रस्तुत रणनीतिक योजना तर्जुमा गरिएको छ ।

३.२ दूरदृष्टि (Vision)

विश्वसनीय कर्जा एवम् निक्षेप सुरक्षण सेवाप्रदायक संस्थाको रूपमा स्थापित हुने ।

३.३ लक्ष्य (Mission)

सर्वसाधारणको निक्षेप र लक्षित वर्ग तथा क्षेत्रमा प्रवाहित संस्थागत कर्जाको सुरक्षण गरी बैंकिङ्ग तथा वित्तीय प्रणालीप्रतिको विश्वसनीयता अभिवृद्धि गर्ने ।

३.४ उद्देश्य (Objectives)

कोषका उद्देश्यहरू देहाय बमोजिम रहेका छन्:

(क) सर्वसाधारणको निक्षेप र संस्थागत कर्जाको संरक्षण गर्ने ।

(ख) सर्वसाधारणको आर्थिक हितको संरक्षण र सम्बर्द्धन गर्ने ।

(ग) सुरक्षण कोषलाई सुदृढ बनाउने ।

३.५ मूलभूत मान्यताहरू (Core values)

कोषका संस्थागत मूलभूत मान्यताहरू (Core values) देहाय अनुरूप हुनेगरी निर्धारण गरिएको छ । कोषका सम्पूर्ण पदाधिकारी तथा कर्मचारीहरूले आफ्ना सेवाग्राही तथा अन्य सरोकारवालाप्रति तल लेखिएअनुसारका मूल्य मान्यतामा आधारित भई कोषको सेवा प्रवाह गर्नेछन् । यसलाई सांकेतिक रूपमा TRUSTED भनेर बुझिन्छ । जसमा देहाय बमोजिमको अभिप्राय अन्तर्निहित छ ।

(क) पारदर्शी (Transparency) : कोषले आफ्ना कामकारबाही पारदर्शी ढंगले सम्पादन गर्नेछ ।

(ख) जिम्मेवार एवं जवाफदेही (Responsible & Accountable) : कोषले आफ्नो उद्देश्य प्राप्तिका लागि ऐन, नियम तथा प्रचलित व्यवस्थाले निर्दिष्ट गरे बमोजिमका कार्य जिम्मेवार एवं उत्तरदायी भई सम्पादन गर्नेछ ।

(ग) निष्पक्ष (Unbiased/Fair): सेवाग्राही, कर्मचारी, साझेदार लगायतका सबै सरोकारवालाहरू प्रतिको व्यवहार र कारोबारमा कोष निष्पक्ष रहनेछ ।

(घ) सुरक्षा (Security): कोष सञ्चालनसँग सम्बद्ध समग्र क्रियाकलापहरूमा सुरक्षालाई उच्च प्राथमिकता दिइनेछ ।

(ङ) प्रविधिमैत्री (Techno-friendly): कोषको कार्यवातावरण पूर्ण रूपमा प्रविधिमैत्री बनाउने तर्फ केन्द्रित हुनेछ ।

(च) प्रभावकारी (Effective): सेवामा प्रभावकारिता कोषको मूलमन्त्र रहनेछ ।

(छ) गतिशील (Dynamic): परिवर्तित परिवेश र बजारको माग अनुरूप कोषले आफ्ना क्रियाकलापमा गतिशीलता कायम गर्नेछ ।



परिच्छेद - ४ : रणनीतिक योजनाका आधार स्तम्भहरू

कोषको रणनीतिक योजनाका आधारस्तम्भहरू तल लेखिएअनुसार छन् ।

(क) स्तम्भ १ : संस्थागत विकास, क्षमता अभिवृद्धि र सुशासन

(ख) स्तम्भ २ : व्यवसाय विस्तार

(ग) स्तम्भ ३ : वित्तीय स्रोत व्यवस्थापन

(घ) स्तम्भ ४ : आन्तरिक नियन्त्रण र जोखिम व्यवस्थापन

(ङ) स्तम्भ ५ : राष्ट्रिय एवं अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँगको सम्बन्ध र सहकार्य



रणनीतिक योजनाका आधार स्तम्भहरु

आधार स्तम्भको विस्तृतीकरण

कोषको रणनीतिक योजनाका आधार स्तम्भलाई तल लेखिएअनुसार विस्तृतीकरण गरिएको छ ।

४.१ पहिलो स्तम्भ : संस्थागत विकास, क्षमता अभिवृद्धि र सुशासन

४.१.१. रणनीति

- निक्षेप तथा कर्जा सुरक्षणसँग सम्बद्ध कोषको जिम्मेवारी तथा भूमिकामा पुनरवलोकन गर्ने ।
- कर्जा तथा निक्षेप सुरक्षण कार्यक्रमहरूको सञ्चालन, व्यवस्थापन, लेखांकन, वित्तीय प्रतिवेदन र प्रकाशन लगायतका कार्यलाई व्यावसायिक मूल्य मान्यता अनुरूप सम्पादन गर्न तथा कोषको व्यवसायको आकार, बदलिँदो बजारको परिदृश्य, सूचना प्रविधिको बढ्दो प्रयोग, कार्य जिम्मेवारीमा परिवर्तन र विश्वव्यापी असल अभ्यासलाई सम्बोधन गर्न आवश्यक नीतिगत, संगठनात्मक र कार्यगत व्यवस्थामा परिवर्तन गर्ने ।
- प्रचलित कानून तथा अन्तर्राष्ट्रिय अभ्यासको मर्म अनुरूप संस्थागत सुशासन कायम गर्ने ।
- मानव संसाधन विकास तथा बौद्धिक पूँजीको उच्चतम परिचालनबाट उत्पादकत्व अभिवृद्धि गर्ने ।
- सूचना प्रविधिको अधिकतम उपयोगको माध्यमबाट कोषका कारोबार सञ्चालन तथा प्रशासनसँग सम्बद्ध क्रियाकलापहरूलाई स्वचालित तथा कागजरहित बनाई विद्युतीय शासन प्रणाली (digital governance) अवलम्बन गर्ने ।

४.१.२ कार्यनीति

- मौजुदा ऐन र नियममा आवश्यक परिमार्जन गर्ने ।
- निक्षेप सुरक्षण तथा कर्जा सुरक्षण कार्यक्रमका सम्बन्धमा भिन्न भिन्न व्यवस्था गर्न छुट्टाछुट्टै निर्देशिका तर्जुमा गर्ने ।
- संगठन तथा व्यवस्थापन सर्वेक्षणबाट प्राप्त नतिजाका आधारमा कोषको संगठनात्मक संरचनामा समयानुकूल परिमार्जन गर्ने ।
- विभाग तथा शाखाहरूको कार्य जिम्मेवारी, कार्यबोझ तथा आवश्यकता एवं औचित्यका आधारमा विभाग तथा शाखाहरूको जिम्मेवारी तथा संख्यात्मक पुनरावलोकन गर्ने ।
- विद्युतीय सुशासन कायम गर्ने रणनीति अनुरूपका क्रियाकलाप सञ्चालनका लागि आवश्यक कार्यविधि तर्जुमा गरी लागू गर्ने ।
- मौजुदा कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावलीमा आवश्यक परिमार्जन गर्ने ।
- मानव संसाधन विकासका लागि आन्तरिक तथा बाह्य तालिम तथा स्थलगत अध्ययन अवलोकन भ्रमण, शैक्षिक अध्ययनको अवसर आदिको उपयुक्त व्यवस्था गर्ने ।
- निक्षेप तथा कर्जा सुरक्षणसँग सम्बद्ध कार्यक्रम सञ्चालन, संस्थागत ख्याति लगायतका बौद्धिक सम्पत्तिहरूको सम्बर्द्धन, संरक्षण तथा उच्चतम उपयोगका लागि आवश्यक प्रचार प्रसार, विज्ञापन लगायतका प्रवर्द्धनात्मक एवं सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

- कोषको मौजुदा व्यवस्थापन सूचना प्रणाली (MIS) को कार्यसम्पादन क्षमताको मूल्यांकन गरी प्राप्त नतिजाका आधारमा स्तरोन्नति गर्ने वा विद्युतीय शासनसँग सम्बद्ध रणनीतिको कार्यान्वयन सुनिश्चित हुने गरी नयाँ Enterprise Resource Planning(ERP)/ Management Information System(MIS) निर्माण गर्ने ।
- Data Storage, Management, Security and Recovery का लागि आवश्यक सूचना प्रविधिको पूर्वाधार निर्माण, नीतिगत व्यवस्था तथा जनशक्ति व्यवस्थापन गर्ने ।

४.२ दोस्रो स्तम्भ : व्यवसाय विस्तार

४.२.१ रणनीति

- निक्षेप, कर्जा तथा पशुधन सुरक्षणसँग सम्बद्ध कार्यक्रमको दायरा तथा क्षेत्र विस्तार गर्ने ।
- विद्यमान कर्जा सुरक्षण कार्यक्रमहरूको समीक्षा गरी सोमा आवश्यक पुनरवलोकन गर्ने ।
- सुरक्षण कोषको आकार, कोषमा उपलब्ध वित्तीय स्रोत साधनका साथै बजारको माग र आवश्यकता बमोजिम जलवायु परिवर्तन, नवप्रवर्तन, सूचना प्रविधि, सीप विकास तालिम वा प्रशिक्षण, वातावरण संरक्षण, प्रकोप व्यवस्थापन, वैकल्पिक तथा नवीकरणीय ऊर्जा, महिला उद्यमशीलता लगायतका कर्जा लगानीका क्षेत्र समावेश हुने गरी नयाँ सुरक्षण कार्यक्रम लागू गर्ने ।
- जोखिमका आधारमा कर्जा सुरक्षण शुल्क निर्धारण गर्ने ।
- मौजुदा सुरक्षण कार्यक्रममा लाग्ने सुरक्षण शुल्क बैंक तथा वित्तीय संस्थाले सम्बद्ध ग्राहकबाट असुल गर्ने नीतिगत व्यवस्था कायम गर्न नेपाल राष्ट्र बैंकसँग समन्वय गर्ने । सम्बद्ध ग्राहकबाट सुरक्षण शुल्क असुल गर्ने व्यवस्था कायम भएपश्चात् नेपाल सरकारबाट प्राप्त हुँदै आएको अनुदानलाई क्रमशः कम गर्दै जाने ।

४.२.२. कार्यनीति

- मौजुदा ऐन र नियमावलीमा आवश्यक परिमार्जन गर्ने तथा आवश्यक विनियम एवम् कार्यविधि तर्जुमा गरी लागू गर्ने ।
- ऐन तथा नियमावली परिमार्जनपश्चात् कोषको सुरक्षण कोषको आकार, उपलब्ध वित्तीय स्रोत साधन, बजारको माग र आवश्यकता बमोजिम पोर्टफोलियो वा एकल कर्जा सुरक्षणसँग सम्बद्ध नयाँ कार्यक्रम लागू गर्ने ।
- मौजुदा सुरक्षण कार्यक्रमको पुनरवलोकनबाट प्राप्त नतिजाका आधारमा सम्भाव्य कार्यक्रमलाई थप परिष्कृत वा परिमार्जित गर्ने र व्यावसायिक हिसाबले सम्भाव्य नदेखिएका कार्यक्रम बन्द गर्ने ।
- कर्जा सुरक्षण कार्यक्रमको बजार प्रवर्द्धन तथा विस्तारको कार्यलाई प्रभावकारी बनाउन विशेष कार्ययोजना बनाई चरणबद्ध रूपमा कार्यान्वयन गर्ने ।
- कर्जा सुरक्षण कार्यक्रमसँग सम्बद्ध सदस्य संस्थासँगको सम्झौतादेखि दाबी भुक्तानीको अपलेखनसम्मको सम्पूर्ण प्रक्रियामा देखिएका द्विविधा हटाई एकरूपता कायम गर्न सदस्य

संस्थासँग सम्झौता हुनु अघि र पछि अनुसरण गरिने सम्पूर्ण प्रक्रियालाई लिपिबद्ध गरी छुट्टै कार्यविधि / निर्देशिका (Standard Operating Procedure) बनाई लागू गर्ने ।

- कोषका कार्यक्रमहरू र सोबाट सिर्जित लाभका सम्बन्धमा बैंक तथा वित्तीय संस्थालाई सुसूचित गर्ने तथा बजारको सुरक्षण आवश्यकता तथा मौजुदा कार्यक्रममा रहेका समस्या पहिचान गरी सोको निराकरणका लागि राय सुझाव संकलन गर्ने उद्देश्यले समय समयमा कार्यशाला/गोष्ठी संचालन गर्ने ।
- आम नागरिकमा कोषको कार्य प्रकृति, उद्देश्य लगायतका विषयमा जानकारी गराउन तथा कोषप्रतिको विश्वसनीयता अभिवृद्धि गर्न बैंक तथा वित्तीय संस्था संकटग्रस्त हुँदा तथा कर्जाको दाबी भुक्तानी माग हुँदा कोषले निर्वाह गर्दै आएको भूमिका समेत संप्रेषण हुने गरी सचेतनामूलक तथा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने ।

४.३ तेस्रो स्तम्भ : वित्तीय स्रोत व्यवस्थापन

४.३.१ रणनीति

- कोषको व्यवसायको आकार र जोखिमलाई दृष्टिगत गरी मौजुदा पूँजी कोष वृद्धि गर्ने ।
- सुरक्षण कोषको आकार प्रचलित अन्तर्राष्ट्रिय मापदण्ड अनुसार कायम नभएसम्मका लागि कोषको वित्तीय अवस्थाको सुदृढीकरणका लागि विशेष व्यवस्था हुन नेपाल सरकार समक्ष आवश्यक पहल गर्ने ।
- सुरक्षण कार्यक्रमबाट सिर्जित सम्भावित दायित्वको प्रभावकारी व्यवस्थापनका लागि पूर्वानुमानमा आधारित दायित्व मूल्यांकन पद्धति अवलम्बन गर्ने ।
- जोखिम न्यूनीकरण, साझेदारी वा हस्तान्तरणका लागि उपयुक्त उपाय वा उपकरण अवलम्बन गर्ने ।
- नयाँ सुरक्षण कार्यक्रमको लागि छुट्टाछुट्टै कोषको व्यवस्था गर्ने ।
- कोषको लगानीयोग्य रकम लगानीका लागि दायरा विस्तार गर्ने ।

४.३.२ कार्यनीति

- पूँजी कोष वृद्धि तथा लगानीको दायरा विस्तारका लागि ऐन, नियम, विनियम संशोधन प्रस्ताव गर्ने ।
- कोषको वित्तीय अवस्थाको सुदृढीकरणका लागि प्रस्ताव तयार गरी नेपाल सरकार समक्ष प्रस्तुत गर्ने ।
- कोषको दायित्व यकिन गर्न actuarial fair valuation सम्पन्न गर्ने ।
- दायित्व व्यवस्थापनको लागि आवश्यकता अनुसार हेजिङ्ग (hedging), पुनःसुरक्षण (re-guarantee) वा अन्य उपयुक्त उपाय अवलम्बन गर्ने ।
- कर्जा सुरक्षण शुल्कलाई खर्चको आधारमा मात्र आम्दानी लेखांकन हुने व्यवस्था मिलाउने ।
- लगानीलाई प्रतिफलमुखी बनाउन तथा न्यून जोखिम क्षेत्रमा परिचालन गर्न आवश्यक लगानी जोखिम विश्लेषण मापदण्ड तयार गर्ने ।

- कर्जा सुरक्षण नियमावलीको अधीनमा रही नयाँ सुरक्षण कार्यक्रमका लागि कोष व्यवस्थापन गर्न आवश्यकता अनुसार संघीय, प्रदेश वा स्थानीय सरकार वा अन्य निकायसँग सम्झौता गर्ने ।

४.४ चौथो स्तम्भ : आन्तरिक नियन्त्रण र जोखिम व्यवस्थापन

४.४.१ रणनीति

- सदस्य संस्थाहरूसँगको कारोबारमा थप पारदर्शिता एवं प्रभावकारिता ल्याउने ।
- न्यून जोखिम अधिक प्रतिफलको नीतिलाई प्रभावकारी बनाउन अनुगमन, निरीक्षण, आन्तरिक नियन्त्रण, जोखिम व्यवस्थापन, दाबी भुक्तानी असुलीसँग सम्बद्ध कार्यलाई थप सुदृढ बनाउने ।
- सदस्य संस्थाको जोखिम मूल्याङ्कन गरी सो संस्थासँगको व्यावसायिक सम्बन्धलाई व्यवस्थित गर्ने ।
- कोषको व्यवसायमा प्रत्यक्ष असर पार्न सक्ने नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकका नीतिगत प्रावधान तर्जुमा तथा कार्यान्वयनमा कोषको संलग्नतालाई बढाउने ।
- जोखिमका क्षेत्र पहिचान गरी सो न्यूनिकरणका लागि साधन र स्रोतको अधिकतम उपयोग गर्ने ।

४.४.२ कार्यनीति

- कोषको सुरक्षण कार्यक्रममा आबद्ध बैंक तथा वित्तीय संस्थाहरूले कोषलाई पठाउने सुरक्षण शुल्क, क्षतिपूर्ति दाबी, कर्जा असूली लगायत कोषसँगको कारोबारको क्रममा पेश गरेका कागजात तथा अन्य विवरणहरूको शुद्धता परीक्षणका लागि अनुगमन तथा निरीक्षण गर्न सकिने ऐनको प्रावधानलाई प्रभावकारी कार्यान्वयन गर्न तथा अनुगमन तथा निरीक्षणबाट प्राप्त नतिजाका आधारमा कोषको सदस्य संस्थासँगको व्यावसायिक सम्बन्धलाई उचित व्यवस्थापन गर्न आवश्यक प्रक्रियागत व्यवस्था गर्ने ।
- जोखिम व्यवस्थापनको लागि मौजुदा नीतिगत एवं प्रकृयागत व्यवस्थामा समसामयिक सुधार गर्ने ।
- कोषको कारोबारमा अन्तर्निहित विभिन्न प्रकृतिका जोखिमको पहिचान, विश्लेषण, अनुगमन र व्यवस्थापन सम्बन्धी कार्य गर्नको लागि एउटा छुट्टै इकाईको व्यवस्था गर्ने ।
- सुरक्षित सदस्य संस्था संकटग्रस्त भई सृजना हुन सक्ने सम्भावित दायित्वको आँकलन गर्न आवश्यक अध्ययन मूल्याङ्कन प्रणाली विकास गर्ने ।
- कोषको व्यवसायमा प्रत्यक्ष असर पार्न सक्ने नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकका नीतिगत प्रावधानको तर्जुमा तथा कार्यान्वयनमा कोषको संलग्नता बढाउन योजना तथा अनुसन्धान विभागलाई थप सशक्त बनाई प्रभावकारी समन्वय एवं सहकार्य स्थापित गर्ने ।
- विभाग तथा शाखाहरूको काम एवम् कारोबारलाई यथार्थपरक, नियमित र त्रुटिरहित बनाउन आन्तरिक नियन्त्रण प्रणालीमा सुधार गर्ने ।
- बढ्दो जोखिम अनुरूप व्यवसाय निरन्तरता योजना लागू गर्ने ।

- दाबी भुक्तानी फछ्र्यौट प्रक्रियालाई सरलीकृत गर्ने तथा दाबी भुक्तानी असुली कार्यलाई थप सुदृढ बनाउने ।

४.५ पाँचौं स्तम्भ : राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँगको सम्बन्ध र सहकार्य

४.५.१ रणनीति

- कोषको उद्देश्य, कार्य प्रकृति, आवश्यक प्राविधिक ज्ञानको परिपूर्ति लगायतका विषयहरूमा कोषलाई सघाउ पुऱ्याउन सक्ने खालका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाको पहिचान गरी सम्पर्क, सम्बन्ध एवम् सञ्जाल विकास गर्ने ।
- निक्षेप तथा कर्जा सुरक्षण कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरेका मुलुकहरूको अनुभवलाई नेपाली परिवेश अनुकूल अनुसरण गर्न त्यस्ता संस्थाहरूसँगको सम्पर्क, समन्वय र साझेदारी बढाउने ।
- Asian Credit Supplementation Institution Confederation(ACSIC) लगायतका कोष आबद्ध अन्तर्राष्ट्रिय संस्थाहरूले आयोजना गर्ने वार्षिक सभा, तालिम तथा अन्य कार्यक्रमहरूमा कोषको संलग्नता र भूमिकालाई सुदृढ बनाउने ।

४.५.२ कार्यनीति

- International Association of Deposit Insurers (IADI) निक्षेप बीमा प्रणालीको प्रभावकारीता बढाउन Swiss कानुन अन्तर्गत गठन गरिएको एक गैर लाभकारी संस्था हो । आवश्यक प्रक्रिया पुरा गरी IADI को सदस्यता लिने ।
- अन्य देशमा रहेका सुरक्षण कार्य गर्ने संस्थाहरूसँग आपसी सम्झौता (MOU) गरी कर्मचारीका अनुभव आदान प्रदान गर्ने तथा प्राविधिक ज्ञान लिने ।
- कोषले आयोजना गर्ने विभिन्न कार्यक्रममा कोष सम्बद्ध संस्थाका प्रतिनिधिलाई आमन्त्रण गर्ने ।
- अन्तर्राष्ट्रिय संघ संस्थाहरूले आयोजना गर्ने विभिन्न कार्यक्रमहरूमा आवश्यकता र औचित्य हेरी प्राथमिकताको आधारमा कोषका कर्मचारीलाई सहभागिता गराउने ।

परिच्छेद - ५ : रणनीतिक योजनाको कार्यान्वयन

५.१ रणनीतिक कार्ययोजना (Strategic action plan)

रणनीतिक योजनामा कोषको कार्यगत योजना, त्यसको प्राप्तिका लागि सम्पादन गर्नुपर्ने कार्यहरू, जिम्मेवार र सहयोगी निकाय, कार्य सम्पादन गर्ने समयावधि तथा अपेक्षित उपलब्धि समेत निर्धारण गरिएको विस्तृत कार्ययोजना अनुसूची - १ मा उल्लेख गरिएको छ ।

परिच्छेद - ६ : रणनीतिक योजनाको वित्तीय पक्ष

यस रणनीतिक योजना बमोजिमका लक्ष्य, कार्यनीति एवम् कार्ययोजनाको कार्यान्वयनको फलस्वरूप कोषका मूलभूत वित्तीय परिसूचकहरूमा क्रमिक रूपमा देखिने सुधार तथा उपलब्धिबाट नै यस रणनीतिक योजनाको सफलता/असफलता मापन हुनेछ। अत: विगत ५ वर्षदेखि रणनीतिक योजनाको आधार वर्षसम्म कोषले हासिल गरेकै वित्तीय उपलब्धि तथा परिसूचकहरूलाई ध्यानमा राखी मूलत: सोही बमोजिम आगामी ५ वर्षको अवधिमा कोषले हासिल गर्ने वित्तीय उपलब्धिहरूको प्रक्षेपण गरिएको छ।

६.१ सम्पत्ति तथा दायित्वको विवरण

तालिका नं. १

कोषको विगत पाँच वर्षको वासलात

रकम रु. लाखमा

विवरण	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०
पूँजी तथा दायित्व					
चुक्ता पूँजी	९८,०००	१००,०००	१००,०००	१००,०००	१००,०००
जगेडा कोष तथा संचित नाफा	२७,६८१	४१,३४३	६२,९७०	९२,९३६	१३१,३६६
कूल जम्मा:	**१२५,६८१**	**१४१,३४३**	**१६२,९७०**	**१९२,९३६**	**२३१,३६६**
सम्पत्ति					
स्थिर सम्पत्ति	२,४३०	२,८५६	४,०५२	४,३१४	४,२७५
लगानी	१०७,१२९	१३९,३६२	१५७,९४१	१८९,३१०	२१५,३९०
खुद चालु सम्पत्ति (क)-(ख)	**१६,१२२**	**(८७५)**	**९७७**	**(६८८)**	**११,७०१**
(क) चालु सम्पत्ति	**२०,६३६**	**५,४५३**	**८,१०७**	**१०,०२१**	**२१,८६२**
जिन्सी मौज्दात	२२	१८	२२	२२	१३
नगद तथा बैंक	१८,३८३	४,०४०	७,४००	४,१३५	७,४६५
अन्य सम्पत्ति	१,४०६	८५०	३६१	५,४१४	१२,९४८
आयकर सम्पत्ति	८२४	५४५	३२३	४५१	१,४३६
(ख) चालु दायित्व र व्यवस्था	**४,५१४**	**६,३२९**	**७,१३०**	**१०,७०९**	**१०,१६१**
व्यापारिक तथा अन्य दायित्व	५४४	९१६	१,७४८	५,१२२	४,१४३
व्यवस्था तथा कोषहरु	३,९७१	५,४१२	५,३८२	५,५८७	६,०१८
कूल जम्मा:	**१२५,६८१**	**१४१,३४३**	**१६२,९७०**	**१९२,९३६**	**२३१,३६६**

तालिका नं. २

कोषको विगत पाँच वर्षको क्षेत्रगत आम्दानी विवरण

(रकम रु. लाखमा)

सि.न	आम्दानी शीर्षक	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०
		रकम	रकम	रकम	रकम	रकम
१	पशुधन सुरक्षण क्षेत्र	३७६	३५६	२२३	९५	१००
२	साना तथा मझौला उद्यम क्षेत्र	६७	१००	१७९	६१२	७६७
३	लघुवित्त तथा विपन्न वर्ग क्षेत्र	१,७०७	५,०२६	८,२५८	१२,९०५	१५०२५
४	कृषि कर्जा क्षेत्र	११२	१३७	१८०	४८९	६१२
५	सहूलियतपूर्ण कर्जा क्षेत्र	-	२१७	१,२१७	४,६०३	४८११
६	निक्षेप सुरक्षण क्षेत्र	९,३१२	१०,५८१	१२,२८८	१३,७४१	१८६७८
७	लगानीबाट प्राप्त ब्याज	१०,८९४	१२,६३४	११,२९९	१४,५३२	२०२६८
८	अन्य आम्दानी	६१	३३६	७८	७८६	२३५
	कूल आम्दानी	**२२,५२९**	**२९,३८७**	**३३,७२३**	**४७,७६४**	**६०,४९६**

६.१.१ आर्थिक वर्ष २०८०/८१ देखि आर्थिक वर्ष २०८४/८५ सम्मको आम्दानीको प्रक्षेपण

आर्थिक वर्ष २०७९/८० को आम्दानी र खर्चको विश्लेषण गर्दा कोषको आर्थिक क्षमता सुदृढ दखिन्छ साथै, कोष प्रशासकीय खर्च धान्न सक्षम रहेको तथा कोषको हालको वार्षिक आयको स्थिति सन्तोषजनक अवस्थामा रहेको देखिन्छ। कोषका आम्दानीका मुख्य स्रोतहरु निम्नानुसार रहेका छन्।

आम्दानीका स्रोतहरू	(क) निक्षेप सुरक्षण शुल्क (ख) कर्जा सुरक्षण शुल्क (ग) लगानीबाट प्राप्त ब्याज आम्दानी (घ) अनुदान तथा सहयोग (ङ) विविध आम्दानी

कोषको आम्दानी तथा खर्चको प्रक्षेपण गर्दा तल लेखिए अनुसारका विषयगत आधारहरू तय गरिएका छन्। तल उल्लेख भएका आम्दानीका शिर्षकहरुबाट अगामी पाँच बर्षको लागि अनुमान गरिएको आम्दानीको निम्न आधारहरु रहेका छन्।

निक्षेप सुरक्षण शुल्क

निक्षेप सुरक्षण तर्फ विगत वर्षहरूमा निक्षेप सुरक्षणबाट प्राप्त आम्दानी, सदस्य संस्थाहरूको संख्या, सुरक्षण रकममा आइरहेको विस्तार आदि पक्षहरूलाई मध्यनजर गरी प्रस्तावित वर्षहरुमा निक्षेप सुरक्षणमा कम्तीमा पाँच प्रतिशतको बृद्धिदर हासिल हुने अनुमान रहेको छ ।

कर्जा सुरक्षण शुल्क

कर्जा सुरक्षण तर्फ विगत वर्षहरूमा कर्जा सुरक्षणबाट प्राप्त आम्दानी, कोषमा आबद्ध हुने सदस्य संस्थाहरुको संख्या, कर्जाको विस्तारबाट सुरक्षण रकममा भइरहेको बृद्धि आदि पक्षहरूलाई मध्यनजर गरी प्रस्तावित वर्षहरुमा विभिन्न कर्जा सुरक्षण कार्यक्रमहरूबाट कम्तीमा पाँच प्रतिशतको बृद्धिदर हासिल हुने अनुमान रहेको छ । कोषका सफल कर्जा सुरक्षण कार्यक्रमहरू लघुवित्त तथा विपन्न वर्ग कर्जा सुरक्षण, साना तथा मझौला उद्यम कर्जा सुरक्षण तथा कृषि कर्जा सुरक्षणलाई नयाँ रुपमा अगाडि बढाउने र समय सापेक्ष अन्य नविन कार्यक्रमहरू तर्जुमा गरी कोषको कर्जा सुरक्षण शुल्क बृद्धि गर्ने लक्ष्य रहेको छ ।

लगानीबाट प्राप्त ब्याज आम्दानी

कोषको दीर्घकालीन आम्दानीको मुख्य श्रोतमध्ये लगानीबाट प्राप्त ब्याज आम्दानी पनि एक मुख्य श्रोत हो । विगत बर्षहरुमा कोषको वित्तीय सम्पत्तिको समुचित परिचालनबाट प्राप्त ब्याज आम्दानी तथा कोषका सुरक्षण कार्यक्रमबाट प्राप्त हुने सुरक्षण दस्तुर, कर्जाको विस्तारबाट सुरक्षण रकममा भइरहेको बृद्धि जस्ता पक्षहरुलाई मध्यनजर गरी प्रस्तावित वर्षहरूमा कोषको वित्तीय सम्पत्तिको प्रतिफलमुखी लगानीबाट प्राप्त हुने ब्याज आम्दानीमा प्रति वर्ष कम्तीमा चार प्रतिशतको बृद्धिदर हासिल हुने अनुमान रहेको छ ।

सरकारी अनुदान तथा सहयोग

निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को व्यवस्था अनुरुप कोषले सञ्चालन गर्ने कर्जा सुरक्षण कार्यक्रमहरुमा नेपाल सरकारबाट प्राप्त हुन बाँकी अनुदानको निकाशाको लागि निरन्तर ताकेता गरिनेछ भने समयममै अनुदान प्राप्तिको सुनिशिचततको लागि पहल गरी प्राप्त रकमलाई उचित उपकरणमा लगानी गरी आम्दानी गरिने छ। सरकारी अनुदान तथा सहयोगको प्रत्यक्ष हिस्सा कर्जा सुरक्षण शुल्कमा समाबेश हुने भएकाले यसको प्राप्तिलाई सुनिश्चित गरी उधारो आम्दानीको परिपाटिलाई न्यूनीकरण गरिनेछ ।

विविध आम्दानी

कोषको विविध आम्दानी शीर्षक अन्तर्गत ठूलो हिस्सा क्षतिपूर्ति असूलीबाट प्राप्त हुँदै आएको छ भने माथि उल्लेखित शिर्षकहरूको अलावा अन्य श्रोतबाट प्राप्त हुने आम्दानीलाई विविध आम्दानीको रुपमा हिसाब गर्ने गरिएको छ । विगत वर्षहरूमा कोषमा फिर्ता हुने गरेको क्षतिपूर्ति, कोषले क्षतिपूर्ति असूलीको सम्बन्धमा अबलम्बन गरेको अनुगमन तथा असूली नीति जस्ता पक्षहरूलाई मध्यनजर गरी प्रस्तावित वर्षहरूमा विविध आम्दानी स्वरूप प्रति वर्ष कम्तीमा छ प्रतिशतको बृद्धिदर हासिल हुने अनुमान रहेको छ ।

आगामी पाँच वर्ष कर्जा सुरक्षण कार्यक्रमहरू सुरक्षण रकम, सुरक्षण शुल्क, तथा दाबी भुक्तानीको लक्ष्य तल लेखिए अनुसारको तालिकामा विस्तृत रुपमा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३

कोषको आगामी पाँच वर्षको क्षेत्रगत आम्दानी विवरण

(रकम रु. लाखमा)

क.सं.	विषय	आर्थिक वर्ष					
		२०७९/८० आधार वर्ष	२०८०/८१ को अनुमनित	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५
१	**पशुधन सुरक्षण**						
	(क) पशुधन संख्या	४,७८०	५,०२८	५,२७९	५,५४३	५,८२१	६,११२
	(ख) पशुधन सुरक्षण रकम (रु.हजारमा)	२,००२	३,५००	३,६०५	३,७४९	३,९३७	४,१३३
	(ग) सुरक्षण शुल्क	१००	१७५	१८०	१८७	१९७	२०७
	(घ) दावी संख्या	३१५	४७३	५१५	५६१	६१२	६६७
	(ङ) दावी रकम (रु. हजारमा)	९०	१६५	१७५	१८५	१९७	२०८
२	**साना तथा मझौला उद्यम कर्जा सुरक्षण**						
	(क) ऋणीको संख्या (हजारमा)	६,४८६	६,५००	६,८२५	७,१६६	७,५२५	७,९०१
	(ख) ऋण सुरक्षण रकम (रु.हजारमा)	१२७,७७९	१५०,०००	१६२,०००	१७४,९६०	१९०,७०६	२०७,८७०
	(ग) सुरक्षण शुल्क	७६७	९००	९७२	१,०५०	१,१४४	१,२४७
	(घ) दावी संख्या	-	१०	१५	१८	२२	२७
	(ङ) दावी रकम (रु. हजारमा)	-	८७	१००	१०८	११७	१२६
३	**कृषि कर्जा सुरक्षण**						
	(क) ऋणीको संख्या	१२,४०७	१३,०००	१३,६५०	१४,३३३	१५,०४९	१५,८०२
	(ख) ऋण सुरक्षण रकम (रु.हजारमा)	१०२,००५	१३०,०००	१४०,४००	१५१,६३२	१६३,७६३	१७८,५०१
	(ग) सुरक्षण शुल्क	६१२	७८०	८४२	९१०	९८३	१,०७१
	(घ) दावी संख्या	-	१०	१७	२१	२५	३१
	(ङ) दावी रकम (रु. हजारमा)	-	५७	२५०	२७०	२९२	३१५
४	**लघु तथा विपन्न कर्जा सुरक्षण**						
	(क) ऋणीको संख्या	१,५७१,२०५	१,६००,०००	१,६८०,०००	१,७६४,०००	१,८५२,२००	१,९४४,८१०
	(ख) ऋण सुरक्षण रकम (रु.हजारमा)	१,९१५,७८४	२,००४,८३८	२,१०५,०७९	२,२१०,३३३	२,३२०,८५०	२,४३६,८९३
	(ग) सुरक्षण शुल्क	१५,०२५	१६,०३९	१६,८४१	१७,६८३	१८,५६७	१९,४९५
	(घ) दावी संख्या	१०,५४२	१५,०००	१५,७५०	१६,५३८	१७,३६४	१८,२३३
	(ङ) दावी रकम (रु. हजारमा)	३,८७८	५,०००	५,३००	५,६१८	५,९५५	६,३१२
५	**सहुलियत कर्जा सुरक्षण**						
	(क) ऋणीको संख्या	८४,६४४	८४,३८०	८८,५९९	९३,०२९	९७,६८१	१०२,५६५
	(ख) ऋण सुरक्षण रकम (रु.हजारमा)	५८१,१५३	५२४,०००	४१९,२००	४१९,२००	३३५,३६०	३१४,४००
	(ग) सुरक्षण शुल्क	४,८११	४,१९२	३,३५४	३,३५४	२,६८३	२,५१५
	(घ) दावी संख्या	-	२००	२३०	२६५	३०४	३५०
	(ङ) दावी रकम (रु. हजारमा)	-	२,०५०	२,१५३	२,२६०	२,३७३	२,४९२
६	कर्जा सुरक्षण गरिएका कूल ऋणीको संख्या	१,६७९,५२२	१,७०८,९०८	१,७९४,३५४	१,८८४,०७१	१,९७८,२७५	२,०७७,१८८
७	दावी पेश भएमा कूल ऋणीको संख्या	१०,८५७	१५,६९३	१६,५२७	१७,४०२	१८,३२८	१९,३०७
	कुल सुरक्षण रकम	२,७२८,७२३	२,८१२,३३८	२,८३०,२८४	२,९५९,८७५	३,०१४,६१६	३,१४१,७९७
	कूल सुरक्षण शुल्क	२१,३१५	२२,०८६	२२,१८९	२३,१८३	२३,५७३	२४,५३५
	कुल दावी रकम	३,९६८	७,३५९	७,९७७	८,४४२	८,९३३	९,४५३

कोषले माथि उल्लेखित अनुमानहरूको आधारमा प्रस्ताव गरिएको आगामी पाँच वर्षमा निक्षेप तथा कर्जा सुरक्षणबाट प्राप्त गर्ने सुरक्षण शुल्क आम्दानी, वित्तीय सम्पत्तिको परिचालनबाट प्राप्त हुने ब्याज आम्दानी, क्षतिपूर्ति फिर्ता आम्दानी र अन्य बिबिध आम्दानीलाई तल लेखिए अनुसारको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ४

आगामी पाँच वर्षको आम्दानीको प्रक्षेपण

सि.नं.	शीर्षक	आधार वर्ष	प्रस्तावित खर्च (रु.लाखमा)				
		२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५
१	निक्षेप सुरक्षण शुल्क	१८,६७९	२१,०१६	२२,०६७	२३,१७०	२४,३२९	२५,५४५
२	कर्जा सुरक्षण शुल्क	२१,३१५	२२,०८६	२२,१८९	२३,१८३	२३,५७३	२४,५३५
३	ब्याज आम्दानी	२०,२६८	२१,१०५	२१,९४९	२२,८२७	२३,७४०	२४,६९०
४	अन्य आम्दानी	२३४	१५१	१६०	१७०	१८०	१९१
	कुल आम्दानी	**६०,४९६**	**६४,३५८**	**६६,३६५**	**६९,३५०**	**७१,८२२**	**७४,९६१**

६.२ खर्चको अवस्था

कोषको विगत वर्षहरुको समग्र खर्चको विश्लेष्ण गर्दा आम्दानीको तुलनामा खर्चको अनुपात निकै नै न्यून रहेको छ जुन कोषको लागि एक सुखद पक्ष समेत हो । विगत केही वर्ष यता जुन रुपमा कर्जा सुरक्षणको दायरा विस्तार भएको छ सोही अनुरुप क्षतिपूर्ति खर्च समेत बृद्धि हुँदै गएको छ । आ.व २०७९/८० को खर्च पक्षको विश्लेषण गर्दा कर्जा क्षतिपूर्ति तर्फ ठूलो हिस्सा खर्च भएको छ भने सुरक्षण रकमको अनुपातमा कर्जा क्षतिपूर्ति खर्च शून्य दशमलब एक चार प्रतिशत मात्र रहेको छ । तर कर्जा सुरक्षण आम्दानीको तुलनामा भने सो अनुपात अठार दशमलब एक नौ प्रतिशत रहेको छ । कर्मचारी तथा अन्य प्रशासनिक खर्च भने कोषमा दरबन्दी अनुसारको कर्मचारी नियुक्ति भएको तथा कोषको बजार प्रबर्द्धन र व्यवसाय विस्तार नीतिका कारण पछिल्लो समय सो खर्चमा समेत क्रमिक रुपमा बृद्धि भएको छ । विगत पाँच वर्षको विस्तृत खर्च विवरण तल लेखिए अनुसारको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ५
विगत पाँच वर्षको खर्च विवरण

रकम रु लाखमा

सि.नं.	शीर्षक	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०
		रकम	रकम	रकम	रकम	रकम
१	पशुधन क्षतिपूर्ति खर्च	३०३	२७७	३३०	२०८	१०९
२	कर्जा क्षतिपूर्ति खर्च	३९०	६३६	१,५२७	२,५५८	३,८७८
३	कर्मचारी खर्च	४०२	४७४	४८७	५७०	७६४
४	प्रशासनिक खर्च	८४१	६६५	४४९	४६९	५४१
	कुल खर्च	**१,९३६**	**२,०५२**	**२,७९३**	**३,८०५**	**५,२९२**

६.३ आगामी पाँच वर्षको खर्च प्रक्षेपण

कोषको ठूलो हिस्सा अन्तर्गत कर्जा तथा पशुधन क्षतिपूर्तिमा खर्च हुने गरेको छ भने कर्मचारी तथा प्रशासनिक खर्चको हिस्सा तुलनात्मक हिसाबमा कम रहेको छ। बजारमा खराब कर्जाको बढ्दो प्रवृत्ति, विगत बर्षहरुमा कोषले प्रदान गरिरहेको क्षतिपूर्ति दाबी आदिलाई आधार मानी कर्जा तथा पशुधन क्षतिपूर्ति बापत वार्षिक छ प्रतिशतका दरले अगामी पाँच वर्ष क्षतिपूर्ति दाबी बढ्दै जाने अनुमान गरिएको छ । कर्मचारी खर्चतर्फ भने मुद्रास्फिति, नयाँ नियुक्ति, प्रस्तावित सुबिधामा पुनरावलोकन आदि कुरालाई मध्यनजर गरी वार्षिक दस प्रतिशतका दरले अगामी पाँच बर्ष कर्मचारी खर्च बृद्धि हुने अनुमान रहेको छ। त्यसै गरी हालको मुद्रास्फितिको हाराहारी हुने गरी बार्षिक सात प्रतिशतका दरले अगामी पाँच वर्ष प्रसाशनिक खर्च बृद्धि हुने अनुमान रहेको छ। कोषका खर्चका मुख्य क्षेत्रहरू तल लेखिए अनुसार रहेका छन् ।

खर्चका क्षेत्रहरू	(क) निक्षेप तथा कर्जा क्षतिपूर्ति खर्च (ख) कर्मचारी खर्च (ग) कार्यालय सञ्चालन (प्रशासनिक) खर्च (ख) अन्य खर्च

तालिका नं. ६

पाँच वर्षको खर्चको प्रक्षेपण

माथि उल्लेखित अनुमानका आधारमा कोषको आगामी पाँच बर्षको खर्च तल लेखिएअनुसार प्रक्षेपण गरिएको छ ।

सि.नं.	शिर्षक	आधार वर्ष	प्रस्तावित खर्च (रु.लाखमा)				
		२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५
१	पशुधन सुरक्षण खर्च	१९	४५	४८	५१	५४	५७
२	पशुधन क्षतिपूर्ति खर्च	९०	१६५	१७५	१८५	१९७	२०८
३	प्रशासकीय खर्च	५४१	५९५	६३७	६८१	७२९	७८०
४	कर्जा क्षतिपूर्ति खर्च	३,८७७	७,१९४	७,८०३	८,२५६	८,७३६	९,२४५
५	कर्मचारी खर्च	७६४	८४८	९४१	१,०४५	१,१६०	१,२८७
	कूल खर्च	**५,२९१**	**८,८४७**	**९,६०३**	**१०,२१८**	**१०,८७५**	**११,५७८**

तालिका नं. ७

आगामी पाँच बर्षमो खुद संचालन आयको प्रक्षेपण

आम्दानी तथा खर्चको प्रस्तावित आय व्यय पश्चात कोषको खुद संचालन आम्दानी तल लेखिए बमोजिम रहने अनुमान रहेको छ । कोषका गतिबिधिबाट कोषले सन्तेषजनक रूपमा मुनाफा आर्जन गर्ने तथा आफ्ना अनिवार्य दायित्व तथा भुक्तानी गर्न कोष सक्षम देखिन्छ ।

सि.नं.	शीर्षक	आधार वर्ष	प्रस्तावित खुद नाफा (रु.लाखमा)				
		२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५
१	कुल आम्दानी	६०,४९६	६४,३५८	६६,३६५	६९,३५०	७१,८२२	७४,९६१
२	कुल खर्च	५,२९१	८,८४७	९,६०३	१०,२१८	१०,८७५	११,५७८
	खुद संचालन नाफा	**५५,२०५**	**५५,५१०**	**५६,७६२**	**५९,१३२**	**६०,९४७**	**६३,३८३**

परिच्छेद - ७ : रणनीतिक योजना कार्यान्वयन एवं अनुगमनको व्यवस्था

७.१ परिचय

यस परिच्छेदले रणनीतिक योजना कार्यान्वयन एवं अनुगमनको पक्षलाई समेटेको छ। यस रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन र आवश्यकता अनुसार सुधारात्मक कदम चाल्न देहाय अनुरूपको व्यवस्था गरिनेछ ।

७.२ रणनीतिक योजना अनुगमन तथा मूल्याङ्कन प्रणाली

कोषको सञ्चालक समितिले वार्षिक रूपमा यस रणनीतिक योजनाको कार्यान्वयन अवस्थाको अनुगमन र मूल्याङ्कन गर्नेछ। अनुगमन मूल्यांकनको क्रममा समितिले तल लेखिएअनुसारका कार्य गर्नेछ।

- रणनीतिक योजनाको कार्यान्वयनको वार्षिक समीक्षा गर्ने र आवश्यकता अनुसार सुधार गर्ने,
- योजना कार्यान्वयनको निम्ति निकासा गरिएको स्रोत-साधनको समीक्षा गर्ने,
- यस योजनाका मार्गदर्शक बुँदाहरू बमोजिम समसामयिक सुधार वा समायोजन गर्ने,

७.३ वार्षिक कार्य योजना बनाई लागू गर्ने

पञ्चवार्षिक रणनीतिक योजनाको आधारमा वार्षिक बजेट तथा कार्यक्रम बनाई लागू गरिनेछ । रणनीतिक योजनामा रहेका विभिन्न क्रियाकलाप र कार्यक्रम कोषको सम्बद्ध विभाग र कार्यालय प्रमुखसँग व्यवस्थापनले कार्य सम्पादन सम्झौता गरी लागू गर्नेछ। अर्धवार्षिक रूपमा त्यस्ता कार्य सम्पादन सम्झौताको मूल्याङ्कन गरिनेछ।

रणनीतिक योजनाले निर्दिष्ट गरेका कार्यक्रमहरूलाई समयमै संचालनार्थ वित्तीय साधन-स्रोतको योजनागत बाँडफाँड तथा आवधिक रूपमा चाहिने बजेटको व्यवस्था गरिनेछ।

७.४ प्रतिवेदन प्रणाली (Reporting system)

कोषको योजना तथा अनुसन्धान विभागले यो रणनीतिक योजनाको कार्यान्वयनसँग सम्बद्ध सबै विभाग/कार्यालयले सम्पादन गर्नुपर्ने क्रियाकलाप कार्यान्वयनको अवस्था सम्बन्धी अर्धवार्षिक प्रतिवेदन पेश गर्नेछ। प्रमुख कार्यकारी अधिकृतले आफ्नो वार्षिक कार्यसम्पादन मूल्याङ्कन प्रतिवेदन समिति समक्ष पेश गर्दा यस रणनीतिक योजना कार्यान्वयनको अवस्थाबारेको प्रतिवेदन समेत संलग्न गरी पेश गर्नुपर्नेछ।

७.५ अनुगमन, मूल्याङ्कन र मध्यावधि समीक्षा

रणनीतिक योजनाले निर्दिष्ट गरेको समयसीमाभित्र सबै कार्यक्रमको अनुगमन एवं मूल्याङ्कन गरिनेछ। रणनीति योजनाको तेस्रो वर्ष समाप्त भएपश्चात् मध्यावधि समीक्षा गरिनेछ।

७.६ रणनीतिक योजनाको समग्र मूल्याङ्कन

यस रणनीतिक योजनाको पाँच वर्षको अवधि समाप्त भएपश्चात् यसको समग्र मूल्याङ्कन गरिनेछ। रणनीतिक योजनाको अवधि समाप्त भएको आर्थिक वर्षको अन्त्यपश्चात् एक महिनाभित्र समग्र मूल्याङ्कन प्रतिवेदन तयार गरी संचालक समिति समक्ष पेश गरिनेछ।

रणनीतिक योजनाको मार्गचित्र



आ.व. २०७९/८० आधार वर्ष

पूजींकोष : २३ अर्ब
कर्जा सुरक्षण रकम : २.७२ खर्ब
निक्षेप सुरक्षण रकम : ११.६८ खर्ब
संचालन आम्दानी : ५.५२ अर्ब

आ.व. २०८०/८१ दोस्रो वर्ष

पूजींकोष : २६ अर्ब
कर्जा सुरक्षण रकम : २.८१ खर्ब
निक्षेप सुरक्षण रकम : १३.१३ खर्ब
संचालन आम्दानी : ५.५५ अर्ब

आ.व. २०८१/८२ दोस्रो वर्ष

पूजींकोष : २९ अर्ब
कर्जा सुरक्षण रकम : २.८३ खर्ब
निक्षेप सुरक्षण रकम : १३.७९ खर्ब
संचालन आम्दानी : ५.६७ अर्ब

आ.व. २०८२/८३ तेस्रो वर्ष

(मध्यावधि समिक्षा)

पूजींकोष : ३२ अर्ब
कर्जा सुरक्षण रकम : २.९५ खर्ब
निक्षेप सुरक्षण रकम : १४.४८ खर्ब
संचालन आम्दानी : ५.९१ अर्ब

आ.व. २०८३/८४ चौथो वर्ष

पूजींकोष : ३५ अर्ब
कर्जा सुरक्षण रकम : ३ खर्ब
निक्षेप सुरक्षण रकम : १५.२० खर्ब
संचालन आम्दानी : ६.०९ अर्ब

आ.व. २०८४/८५ अन्तिम वर्ष

पूजींकोष : ३८ अर्ब
कर्जा सुरक्षण रकम : ३.१४ खर्ब
निक्षेप सुरक्षण रकम : १५.९६ खर्ब
संचालन आम्दानी : ६.३३ अर्ब

अनुसूची - १

रणनीतिक योजनाका आधार स्तम्भ अनुसारका कार्ययोजना कार्यान्वयनसँग सम्बद्ध कार्यतालिका

१. पहिलो स्तम्भः संस्थागत विकास, क्षमता अभिवृद्धि र सुशासनसँग सम्बद्ध कार्यतालिका

क.सं.	कार्ययोजना	क्रियाकलापहरु	आर्थिक वर्ष					जिम्मेवार विभाग	सहयोगी निकाय	प्रमुख कार्यसम्पादन सूचक
			२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५			
१.	मौजुदा ऐन नियममा आवश्यक परिमार्जन गर्ने	निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३, निक्षेप सुरक्षण नियमावली, २०७५ र कर्जा सुरक्षण नियमावली, २०७५ मा उल्लिखित व्यवस्थाहरूमध्ये परिमार्जन गर्नुपर्ने विषयका सम्बन्धमा सरोकारवालासँग परामर्श गरी परिमार्जनका बुँदाहरू तय गर्ने	✓					निक्षेप सुरक्षण विभाग कर्जा सुरक्षण विभाग योजना तथा अनुसन्धान विभाग	अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक	अर्थ मन्त्रालयमा ऐन तथा नियम संशोधन प्रस्ताव पेश गरिएको हुने
१.	मौजुदा ऐन नियममा आवश्यक परिमार्जन गर्ने	मस्यौदा तयार गरी संचालक समिति मार्फत मन्त्रालय पठाउने		✓				निक्षेप सुरक्षण विभाग कर्जा सुरक्षण विभाग योजना तथा अनुसन्धान विभाग		संशोधित/परिमार्जन ऐन नियम
२.	निक्षेप सुरक्षण तथा कर्जा सुरक्षण कार्यक्रमहरूलाई एकआपसबाट अलग गर्न छुट्टाछुट्टै निर्देशिका तर्जुमा गर्ने	मस्यौदा तयार गरी संचालक समिति मार्फत स्वीकृत गरी लागू गर्ने		✓				निक्षेप सुरक्षण विभाग कर्जा सुरक्षण विभाग योजना तथा अनुसन्धान विभाग		निक्षेप सुरक्षण तथा कर्जा सुरक्षण सम्बन्धी छुट्टाछुट्टै निर्देशिका स्वीकृत भएको हुने ।
३.	संगठन तथा व्यवस्थापन सर्वेक्षणबाट प्राप्त नतिजाका आधारमा कोषको संगठनात्मक संरचनालाई समयानुकूल परिमार्जन गर्ने	(क) संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने (ख) सो सर्भेक्षणबाट प्राप्त सुझावका आधारमा सांगठनिक संरचनामा सुधार गर्ने	✓					प्रशासन विभाग		(क) O& M Survey Report समितिबाट पारित भई अर्थ मन्त्रालय समक्ष पेश भएको हुने । (ख) सांगठनिक संरचना सुधार भएको हुने ।

	विद्युतीय सुशासन कायम गर्ने रणनीति अनुरूपका क्रियाकलापहरूको कार्यान्वयनका लागि आवश्यक कार्यविधि तर्जुमा गरी लागू गर्ने	SOP बनाई कार्यान्वयन गर्ने		✓				प्रशासन विभाग सूचना तथा तथ्यांक विभाग		SOP लागू भएको हुने
४.	मौजुदा कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावलीमा आवश्यक परिमार्जन गर्ने	कर्मचारी सेवा, शर्त सम्बन्धी विनियमावली संशोधनको मस्यौदा तयार गरी संशोधनको सिफारिश गर्ने	✓					प्रशासन विभाग	अर्थ मन्त्रालय, लोक सेवा आयोग	संशोधित विनियमावली स्वीकृत भई लागू भएको हुने
५.	मानव संसाधन विकासका लागि आन्तरिक तथा बाह्य तालिम तथा स्थलगत अध्ययन अवलोकन भ्रमण, शैक्षिक अध्ययनको अवसर आदिको उपयुक्त व्यवस्था गर्ने	आन्तरिक तथा बाह्य तालिम आयोजना गर्ने	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	प्रशासन विभाग		सञ्चालन भएका आन्तरिक तथा बाह्य तालिम कार्यक्रमका संख्या
६.	संस्थाका सुरक्षणसँग सम्बद्ध कार्यक्रम, संस्थागत ख्याति लगायतका बौद्धिक सम्पत्तिको सम्वर्द्धन, संरक्षण तथा उच्चतम उपयोगका लागि आवश्यक प्रचार प्रसार, विज्ञापन लगायतका प्रवर्द्धनात्मक एवं सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।	(क) छोटो श्रव्य/दृश्य Clip बनाई FM/TV/Youtube बाट प्रसारण गर्ने (ख) TVC बनाउने (ग) Corporate गीत बनाउने (घ) सचेतनामूलक कार्यक्रम आयोजना गर्ने	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	प्रशासन विभाग		सञ्चालन भएका प्रचार प्रसार, विज्ञापन लगायतका प्रवर्द्धनात्मक कार्यक्रमका संख्या
	कोषको मौजुदा MIS को कार्यसम्पादन क्षमताको मूल्यांकन गरी प्राप्त नतिजाका आधारमा स्तरोन्नति गर्ने वा विद्युतीय शासनसँग सम्बद्ध रणनीतिको कार्यान्वयन सुनिश्चित हुने गरी नयाँ ERP/MIS निर्माण गने	Vendor छनौट गर्ने Go Live Hand Holding तालिम सञ्चालन गर्ने	✓	✓ ✓				प्रशासन विभाग सूचना तथा तथ्यांक विभाग		नयाँ ERP/MIS स्वीकृत भई लागू भएको हुने
	Data Storage, Management, Security and Recovery का लागि आवश्यक सूचना प्रविधिको पूर्वाधार निर्माण, नीतिगत व्यवस्था तथा जनशक्ति व्यवस्थापन गर्ने	(क) मौजुदा संरचनाको अध्ययन गरी आवश्यकता पहिचान गर्ने । (ख) आवश्यक पूँजीगत खर्च गर्ने । (ग) ICT & IS Policy मा समयानुकूल परिमार्जन गर्ने	✓	✓ ✓				प्रशासन विभाग सूचना तथा तथ्यांक विभाग		मौजुदा सूचना प्रविधि संयन्त्रको स्तरोन्नति भएको हुने ICT & IS Policy मा समसामयिक परिमार्जन भएको हुने

(ख) दोस्रो स्तम्भः व्यवसाय विस्तारसँग सम्बद्ध कार्ययोजना

क्र.सं.	कार्ययोजना	क्रियाकलाप	आर्थिक वर्ष					जिम्मेवार निकाय	सहयोगी निकाय	प्रमुख कार्यसम्पादन सूचक
			२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५			
१	ऐन तथा नियमावली परिमार्जन पश्चात् सुरक्षण कोषको आकार, वित्तीय स्रोत साधन, बजारको माग र आवश्यकता बमोजिम पोर्टफोलियो वा एकल कर्जा सुरक्षणसँग सम्बद्ध नयाँ कार्यक्रमहरू लागू गर्ने ।	(क) सुरक्षण आवश्यकताको लागि बजार मागको अध्ययन गर्ने	✓					कर्जा सुरक्षण विभाग		अध्ययन प्रतिवेदन पेश भएको हुने
		(ख) नयाँ कार्यक्रमको मस्यौदा तयार गरी स्वीकृतिको लागि सिफारिश गर्ने		✓					अर्थ मन्त्रालय	नयाँ सुरक्षण कार्यक्रमहरू लागू भएको हुने
		(ग) नयाँ कार्यक्रम लागू गर्ने		✓				कोष व्यवस्थापन		
		(घ) नयाँ कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन गर्ने					✓			प्रभावकारिता मूल्याङ्कन भएको हुने
२	मौजुदा सुरक्षण कार्यक्रमहरूको पुनरवलोकनबाट प्राप्त नतिजाका आधारमा सम्भाव्य कार्यक्रमहरूलाई थप परिष्कृत वा परिमार्जित गर्ने र व्यावसायिक हिसाबले सम्भाव्य नदेखिएका कार्यक्रमहरुलाई बन्द गर्ने ।	(क) मौजुदा सुरक्षण कार्यक्रमको प्रभावकारिताको अध्ययन गर्ने ।	✓					कर्जा सुरक्षण विभाग		अध्ययन प्रतिवेदन पेश भएको हुने
		(ख) अध्ययन प्रतिवेदनका आधारमा मौजुदा कार्यक्रमको निरन्तरता, पुनर्तर्जुमा वा खारेजीका सम्बन्धमा आवश्यक निर्णय गर्ने ।	✓					कर्जा सुरक्षण विभाग	अर्थ मन्त्रालय	मौजुदा सुरक्षण कार्यक्रमहरू पुनरवलोकन भएको हुने
		(ग) कार्यक्रमको निरन्तरता, पुनर्तर्जुमा वा खारेजीको प्रभाव मूल्याङ्कन गर्ने ।					✓			

३.	कर्जा सुरक्षण कार्यक्रमसँग सम्बद्ध सदस्य संस्थासँगको सम्झौतादेखि दाबी भुक्तानीको अपलेखनसम्मको सम्पूर्ण प्रक्रियामा देखिएका द्विविधा हटाई एकरुपता कायम गर्न सदस्य संस्थासँग सम्झौता हुनु अघि र पछि अनुसरण गरिने सम्पूर्ण प्रक्रियालाई लिपिबद्ध गरी छुट्टै कार्यविधि / निर्देशिका (Standard Operating Procedure) बनाई लागू गर्ने ।	कार्यविधि (SOP) तयार गरी लागू गर्ने ।		✓				कर्जा सुरक्षण विभाग		कार्यविधि (SOP) लागू भएको हुने
४.	कोषका कार्यक्रम र सोबाट सिर्जित लाभका सम्बन्धमा बैंक तथा वित्तीय संस्थालाई सुसूचित गर्ने तथा बजारको सुरक्षण आवश्यकता, मौजुदा कार्यक्रमहरूमा रहेका समस्या पहिचान गरी सोको निराकरणका लागि राय सुझाव संकलन गर्ने उद्देश्यले समय समयमा कार्यशाला/गोष्ठी संचालन गर्ने ।	कार्यशाला, गोष्ठी सञ्चालन गर्ने	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	कोष व्यवस्थापन		कार्यशाला तथा गोष्ठी सम्पन्न प्रतिवेदन

(ग) तेस्रो स्तम्भ : वित्तीय स्रोत व्यवस्थापनसँग सम्बद्ध कार्ययोजना

क्र.सं.	कार्ययोजना	क्रियाकलाप	आर्थिक वर्ष					जिम्मेवार निकाय	सहयोगी निकाय	प्रमुख कार्यसम्पादन सूचक
			२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५			
१.	कोषको वित्तीय व्यवस्था सुदृढीकरणका लागि नेपाल सरकार समक्ष योजना (Scheme) सिफारिश गर्ने ।	अर्थ मन्त्रालयसँग पत्राचार गर्ने				✓		कोष व्यवस्थापन	अर्थ मन्त्रालय	कोषको वित्तीय व्यवस्था सुदृढीकरणका योजना (Scheme) कार्यान्वयन भएको हुने
२.	कोषको दायित्व यकिन गर्न Actuarial Fair Valuation गर्ने ।	Actuarial Fair Valuation गर्ने ।		✓				कर्जा सुरक्षण विभाग लेखा विभाग		कोषको दायित्व यकिन भएको हुने
३.	दायित्व व्यवस्थापनको लागि आवश्यकता अनुसार पुन:सुरक्षण (Re-guarantee) वा अन्य उपयुक्त उपाय अवलम्बन गर्ने ।	(क) जोखिम न्यूनीकरणको लागि उपयुक्त उपायको बारेमा अध्ययन गर्ने । (ख) अध्ययन प्रतिवेदनका आधारमा उपयुक्त उपाय अवलम्बन गर्ने				✓	✓	कर्जा सुरक्षण विभाग निक्षेप सुरक्षण विभाग		अध्ययन प्रतिवेदन पेश भएको हुने जोखिम न्यूनीकरणका वैकल्पिक उपाय लागू भएको हुने ।
४.	कर्जा सुरक्षण शुल्कलाई वर्तमान लेखा प्रणाली अन्तर्गत खर्चको आधारमा मात्र आम्दानी लेखांकन हुने व्यवस्था गर्ने ।	(क) NFRS मा आधारित लेखा प्रणाली सम्बन्धी अध्ययन गर्ने (ख) NFRS मा आधारित लेखा प्रणाली अवलम्बन गर्ने		✓ (क)	✓ (ख)			लेखा विभाग		लेखा प्रणाली लागू भएको हुने ।

५.	लगानीलाई प्रतिफलमुखी र न्यून जोखिम क्षेत्रमा परिचालन गर्न आवश्यक लगानी जोखिम विश्लेषणको मापदण्ड तयार गर्ने	मापदण्ड तयार गर्ने			✓			लेखा विभाग		नयाँ मापदण्ड लागू भएको हुने
६.	कर्जा सुरक्षण नियमावलीको अधीनमा रही नयाँ सुरक्षण कार्यक्रमका लागि कोषको व्यवस्थापन गर्न आवश्यकता अनुसार संघीय, प्रदेश वा स्थानीय सरकार वा अन्य निकायसँग सम्झौता गर्ने ।	(क) संघीय, प्रदेश वा स्थानीय सरकारका उद्यमशीलता र स्वरोजगार सम्बन्धी प्राथमिकताको पहिचान गर्ने ।	✓					कोष व्यवस्थापन	संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार	नयाँ कोष स्थापनाको लागि सम्झौता भएको हुने
		(ख) सुरक्षण कोष व्यवस्थापनका लागि सम्झौता गर्ने ।	✓							
		(ग) संघीय, प्रदेश वा स्थानीय सरकारका प्राथमिकताका आधारमा नयाँ सुरक्षण कार्यक्रमहरू तर्जुमा गरी नमूनाको रूपमा (Piloting) लागू गर्ने ।		✓						
		(घ) सुरक्षण कार्यक्रमहरूको प्रभावकारिता मूल्याङ्कन गर्ने ।			✓					
		(ङ) प्रभावकारिता मूल्याङ्कन नतिजाको आधारमा कार्यक्रमलाई निरन्तरता दिने, परिमार्जन गर्ने वा बन्द गर्ने ।				✓				

(घ) चौथो स्तम्भ : आन्तरिक नियन्त्रण तथा जोखिम व्यवस्थापनसँग सम्बद्ध कार्ययोजना

क्र.सं.	रणनीति	कार्ययोजना	आर्थिक वर्ष					जिम्मेवार निकाय	सहयोगी निकाय	प्रमुख कार्यसम्पादन सूचक
			२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५			
१.	कोषको सुरक्षण कार्यक्रममा आबद्ध बैंक तथा वित्तीय संस्थाहरूले कोषलाई पठाउने सुरक्षण शुल्क, क्षतिपूर्ति दाबी, कर्जा असूली लगायत कोषसँगको कारोबारको क्रममा पेश गरेका कागजात तथा अन्य विवरणहरूको शुद्धता परीक्षणका लागि अनुगमन तथा निरीक्षण गर्न सकिने ऐनको प्रावधानलाई प्रभावकारी कार्यान्वयन गर्न आवश्यक प्रक्रियागत व्यवस्था गर्ने ।	(क) अनुगमन, निरीक्षणका लागि आवश्यक कार्यविधि तर्जुमा गर्ने (ख) अनुगमन, निरीक्षण कार्यविधि कार्यान्वयन गर्ने	✓	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	कर्जा सुरक्षण विभाग निक्षेप सुरक्षण विभाग		कार्यविधि स्वीकृत भएको हुने सदस्य संस्थाको अनुगमन भई प्रतिवेदन प्राप्त भएको हुने
२.	जोखिम व्यवस्थापनको लागि मौजुदा नीतिगत एवं प्रक्रियागत व्यवस्थामा समसामयिक सुधार गर्ने ।	जोखिम व्यवस्थापन निर्देशिकामा समयानुकूल परिमार्जन गर्ने	✓					प्रशासन विभाग		निर्देशिका परिमार्जन भएको हुने
३.	कोषको कारोबारमा अन्तर्निहित विभिन्न प्रकृतिका जोखिमको पहिचान, विश्लेषण, अनुगमन र व्यवस्थापन सम्बन्धी कार्य गर्नको लागि एउटा छुट्टै इकाईको व्यवस्था गर्ने ।	छुट्टै इकाई गठन गर्ने		✓				प्रशासन विभाग		इकाई गठन भई कार्य सञ्चालन भएको हुने

४.	कोषको व्यवसायमा प्रत्यक्ष असर पार्न सक्ने नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकका नीतिगत प्रावधानहरूको तर्जुमा तथा कार्यान्वयनमा कोषको संलग्नता बढाउन योजना तथा अनुसन्धान विभागलाई थप सशक्त बनाई प्रभावकारी समन्वय एवं सहकार्य स्थापित गर्ने ।	(क) संगठन तथा व्यवस्थापनबाट प्राप्त नतिजाका आधारमा योजना तथा अनुसन्धान विभागलाई सबलीकरण गर्न कार्य जिम्मेवारी पुनःपरिभाषित गर्ने । (ख) नेपाल राष्ट्र बैंक तथा अर्थ मन्त्रालयसँग समन्वय र सहकार्य गर्ने		✓	निरन्तर	निरन्तर	निरन्तर	योजना तथा अनुसन्धान विभाग योजना तथा अनुसन्धान विभाग	अर्थ मन्त्रालय नेपाल राष्ट्र बैंक	कोषसँग प्रत्यक्ष सरोकार राख्ने नीति तर्जुमा कार्यमा कोषको अनिवार्य संलग्नता भएको हुने

पाँचौं स्तम्भ : राष्ट्रिय एवं अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँगको सम्बन्ध र सहकार्यसँग सम्बद्ध कार्ययोजना

क्र.सं.	रणनीति	कार्ययोजना	आर्थिक वर्ष					जिम्मेवार निकाय	सहयोगी निकाय	प्रमुख कार्यसम्पादन सूचक
			२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५			
१.	आवश्यक प्रक्रिया पुरा गरी International Association of Deposit Insurers (IADI) को सदस्यता लिने ।	(क) IADI द्वारा आयोजना गरिने कार्यक्रमहरूमा गैरसदस्यको हैसियतमा सहभागिता जनाउने (ख) सदस्यता शुल्क छुट वा मिनाहाका लागि पहल गर्ने । (ग) गैर सदस्यको रूपमा सहभागिता जनाउने क्रममा प्राप्त उपलब्धि समेतलाई मूल्याङ्कन गरी सदस्यता प्राप्त गर्दा कोषलाई बढी लाभ हुने देखिएमा सदस्यता लिने ।	निरन्तर ✓	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर ✓	निक्षेप सुरक्षण विभाग		IADI को सदस्य भएको हुने
२.	अन्य देशमा रहेका सुरक्षण कार्य गर्ने संस्थाहरूसँग आपसी सम्झौता (MOU) गरी कर्मचारी आदान प्रदान गर्ने तथा प्राविधिक ज्ञान लिने ।	(क) सुरक्षण कार्य गर्ने अन्य देशका संस्थाहरूसँग समन्वय गर्ने (ख) आपसी सम्झौता गर्ने (ग) कर्मचारी आदान प्रदान गर्ने (घ) कार्यक्रमको प्रभाव मूल्याङ्कन गर्ने (ङ) कार्यक्रमको निरन्तरता, परिमार्जन वा समाप्ति सम्बन्धमा निर्णय लिने ।	✓	✓	निरन्तर	निरन्तर	✓	कर्जा सुरक्षण विभाग निक्षेप सुरक्षण विभाग प्रशासन विभाग		सम्झौता भएको हुने संस्थाहरूबीच कर्मचारी आदान प्रदान भएको हुने

३.	कोषले आयोजना गर्ने विभिन्न कार्यक्रमहरुमा कोष सम्बद्ध संस्थाका प्रतिनिधिहरूलाई आमन्त्रण गर्ने ।	कार्यक्रम सञ्चालन कोष सम्बद्ध संस्थाका प्रतिनिधिहरूलाई आमन्त्रण गर्ने	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	कर्जा सुरक्षण विभाग निक्षेप सुरक्षण विभाग प्रशासन विभाग		कोषको कार्यक्रममा विदेशी पाहुनाको सहभागिता भएको हुने
४.	राष्ट्रियस्तरका संघ संगठनद्वारा आयोजित कर्मचारी तालिम, विकास अध्ययन सम्बन्धी कार्यक्रमहरूमा कोषको सहभागितालाई निरन्तरता दिने	कर्मचारीहरूलाई तालिम तथा अध्ययन भ्रमणमा पठाउने	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	कर्जा सुरक्षण विभाग निक्षेप सुरक्षण विभाग प्रशासन विभाग		प्रत्येक कर्मचारी कम्तीमा वर्षको एक पटक कुनै एक तालिम, विकास तथा अध्ययन कार्यक्रममा सहभागी भएको हुने
५.	अन्तर्राष्ट्रिय संघ संस्थाहरूले आयोजना गर्ने विभिन्न कार्यक्रममा कोषका कर्मचारीहरूको सहभागितालाई निरन्तरता दिने ।									अधिकृतस्तरको कर्मचारी कम्तीमा पाँच वर्षमा एक पटक वैदेशिक तालिम तथा अध्ययन भ्रमण कार्यक्रममा सहभागी भएको हुने

ऋण र धन, दुबैको सुरक्षण

निक्षेप तथा कर्जा सुरक्षण कोष
टंगाल, काठमाडौं
फोन नं. : ०१-४५१०६५९, ४५२१२४१
इमेल : info@dcgf.gov.np
वेवसाइट : www.dcgf.gov.np